साप्ताहिक
गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np
गोरखा एक्सप्रेस
GORKHA EXPRESS NATIONAL WEEKLY
माटोवादीहरुको साझा पत्रिका

वर्ष ४५ अंक १५ २०८३ मंसिर १ गते मंगलबार (Nov. 17, 2026) मूल्य रू. १०/-

भारतले बागडोग्रा र रक्सौल रुट माग्यो



भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा भारतीय आकाशको रुटका लागि नेपालले प्रस्ताव गर पछि भारतले पनि झापापारीको बागडोग्रो एयरपोर्टका लागि नेपाली आकाशको रुट मागेको छ। नेपाल र भारतबीच सहमतिको प्रयास भइरहेको परराष्ट्रस्रोत बताउँछ।

भारत सकारात्मक भएपछि नेपालले रक्सौल रुट पछि तय गर्ने र हाललाई भारत र नेपाल दुबैतिर एयर रुटमा सहमति हुने सम्भावना प्रबल देखिन्छ। पहिलेका सरकारले कमिशन खाएर चीन र कुवेत फण्डको ऋणमा भैरहवा र पोखरा विमानस्थल निर्माण गरे पनि भारतसँग रुट लिन सकेका थिएनन्। जसलेगर्दा ती एयरपोर्ट असरल्ल अवस्थामा छन्।

भारतले एयररुट दिएपछि लुम्बिनी र पोखरामा पर्यटक बढ्ने पक्का छ।



इनम सापकोटा: सत्ताको पहरोबाट महा-पहिरो

दुईतिहाई विरुद्ध प्रचण्ड क्रान्ति

कांग्रेस थाकेत छ, पार्टीभित्रै एकदोस्रालाई खुइल्याउने आक्रोश मत्थर हुनसकेको छैन। बुद्धले संघम शरणम् गच्छामी भनेर एकतामा बल हुन्छ भन्ने सन्देश दिएका थिए, नेपाली कांग्रेसभित्र विवाद र विखण्डनको आगो दन्किएको छ, आगोले कांग्रेसलाई शक्तिबाट सडकमा पुऱ्यायो, पाहा पछारेझै पछाऱ्यो। स्थानीय निर्वाचनमा कांग्रेसको जनविश्वास अझै कमजोर भएर जानसक्नेछ।

एमाले रास्वपा र बालेन सरकार विरुद्ध विद्रोह गर्नुपर्ने भनिरहेको छ। विद्रोहको आवाज एकातिर, संगठन मजबुत बनाएर स्थानीय निर्वाचन जिल्ले रणनीति अर्कोतिर आन्तरिक बहस र तैयारीमा जुटेको छ।

सबैभन्दा आक्रोशित माओवादको भारी विसाएर नेकपा निर्माण गर्दै अध्यक्ष बनेका प्रचण्ड देखिन्छन्। छठ सकियो, अब सडक क्रान्ति गर्ने हो भनेर प्रचण्ड भयानक तैयारीमा जुटेको अनुमान गरि दैछ। तर यिनै जनताले प्रचण्डलाई साथ देलान् र ? संशय बलियो छ। किनकि ३ पल्ट प्रधानमन्त्री बन्दा परि वारवाद र भ्रष्टाचारमा अलमलिएका प्रचण्डलाई जनताले गत फागुन २९ को चुनावका लागि चितवन, गोर्खा हुँदै रूकुम पुर्व पुऱ्यायो। उनको पार्टीको हैसियत पनि बलियो छैन। फेरि प्रचण्ड क्रान्तिको डडेलो सल्काउने साहस कुन सामल र कसको समर्थनमा गरिरहेका छन्, कसैले पनि बुझ्न सकेको देखिदैन। बालेन सर कारलाई जनताले ५ वर्षको म्याण्डेट दिएका छन्। बालेनका लागि पार्टीको विरासतको दायित्व छैन, उनका सामु देश र जनताको काम गर्ने जिम्मेवारी छ। सायद यहीकार ण कार्यकारी प्रधानमन्त्रीको हैसियतमा उनले पुराना नेताहरूको अनुहार नै हेरेनन्, संसदलाई दिनुपर्ने सम्मान दिएनन्, कतिपय प्रश्नमा जवाफ पनि दिदैनन्। उनको शक्तिको स्रोत अथवा सुदर्शन चक्र भनेको वेदाग अनुहार, इमानदारीता र नैतिकता नै हो। बालेनले गुमाउनुपर्ने केही छैन, कमाउनुपर्ने जनताको सम्मान हो। आजसम्म बालेनप्रति जनविश्वास कायमै देखिन्छ। विश्लेषकहरू भन्छन्- प्रतिपक्षमा देखिनैपर्ने सशक्त अनुहार नै छैन। यसकार ण बालेनको विकल्प नहुँदा बालेन अझ शक्तिशाली बनेका हुन्।

तर डाइनामिक मानिएका प्रचण्ड थाकेका छैनन्। हाम्रो अनुहार नै हेर्नु नहुने, संसदमा उभिने नहुने, एक्लै चलाउँछु भन्नेको हैसियत हेरौंला भनेर प्रचण्डमा गजबको छटपटी देखिन्छ र प्रचण्ड क्रान्तिको कुरा गरिरहेका छन्। प्रचण्डले क्रान्ति छेडे भने यो नेपालको इतिहासमा अर्को दुर्भाग्य हुनेछ। दुई तिहाईको सरकारलाई सय दिन पनि काम गर्न नदिई विरोधको आवाज घन्काउने प्रतिपक्षीले ८ महिना पुग्दा के गऱ्यौ खोई भन्दै क्रान्ति छेड्ने ? यो क्रान्तिले स्थिरतामा अस्थिरता, शान्तिमा अराजकता घोलिनेछ, जुन सुशासन र सुव्यवस्थाका लागि चुनौति बन्नेछ। अब हेर्नुछ, दुई तिहाईको रास्वपा र बालेन सर कारविरुद्ध नेकपाले कस्तो क्रान्ति गर्ने हो ? नेकपालाई कांग्रेस, एमाले, र ।पपा, मधेशवादी, श्रम संस्कृति पार्टीले कस्तो प्रकारको साथ दिनेहुन्।

हिजो भारतको संरक्षण साधन, स्रोतमा माओवादीले १० वर्षे जनयुद्ध चलाएको थियो, १७ हजार मारिएका थिए। राजतन्त्र समाप्त पारेपछि र ३ पल्ट प्रचण्ड, एकपल्ट बाबुराम र एकपल्ट माधव नेपालको सरकारलाई साथ दिएर भारतले उठाउनुपर्ने सावाँब्याज चुक्ता गरेपछि साथ छाडिदियो, जसका कारण अध्यक्ष प्रचण्डले माओवादलाई बिसाएर नेकपा गठन गर्नुपरेको बिगत छ।

राजतन्त्र किनारा लगाएपछिका १८ वर्षमा बागमतीमा धेरै पानी बग्यो, राजनीतिमा धेरै घटनाक्रमहरू घटित हुनपुग्यो। जनता निराश हुँदै आक्रोसित हुनपुगे, जनताको कुरा हिजोका ठूला पार्टीहरूले नसुन्दा, जनतामाथि अत्याचार र राष्ट्रिय ढुकुटीमा लूट मच्चाउँदा अमेरिकी राष्ट्रपतिले नेताहरूलाई फ्रड नै भनिदिए।

१८ वर्षे लोकतन्त्रको अवधिका ठूला, भष्ट्रयौला नेताहरू भ्रष्टाचारमा डामिएका छन्, नागरिकलाई शरणार्थी बनाएर बेचेको दाग लागेको छ, र ाष्ट्रिय सम्पत्तिको बिचलन गरेको र लोकतन्त्रलाई लूटतन्त्रका रूपमा चलाएको मा जनता रूष्ठ छन्। संघीयता जनताले मन पराएनन्, धर्मनिरपेक्षता पनि जनताको चाहना थिएन। जनताले खोजेको सुशासन पाएन, निरंकूशता झेल्नुपऱ्यो। यसकार ण जेनजी विद्रोह उठ्यो। जेनजीलाई जनताले साथ दिए, विश्वमै जेनजी विद्रोहले लोकतन्त्र, भ्रूठतन्त्र, लूटतन्त्र, सत्ता र शक्तिमा रहेकाहरू सबैलाई लखेटिँदिएको उदाहरण नेपाल बन्नपुग्यो।

संविधानलाई बगर बनाएको जेनजी विद्रोहले ल्याएको परिवर्तनको स्वरूप हो, रास्वपाले पाएको दुई तिहाई र बालेन सर कारको निर्माण। जनताले ५ वर्ष काम गर भनेर जुद्धशमशेरपछिको पहिलो स्थिर सरकारको जनादेशलाई हिजोका भ्रष्ट, असफल शासकहरू फाल्नैपर्छ भनेर क्रान्ति छेड्ने कुरा गरिरहेका छन्। क्रान्ति होला कि क्रान्ति गर्नेहरू पाखा लाग्लान् ? बालेन सरकार ढाल्न सक्लान् कि बालेनले यिनलाई ठेगान लगाउलान् ? कतै हिजा आफूले गरेका भ्रष्टाचारको फाइल नखुलोस्, जेल जान नपरोस् भनेर लेनदेनका लागि गरि एको साजिस त होइन, यो क्रान्ति गर्छु भनेर दिएका धमास ? सरकारको विरोध गर्न पाइन्छ, तर लोकतान्त्रिक हुँ भन्नेहरूले जनादेशको अवमान्ना गर्नु कति उचित हुनसक्ला ? प्रचण्डले गर्ने क्रान्तिमा ऐतिहासिक धोका पाइसकेको ऐतिहासिक पार्टीहरूले साथ देलान् कि नदेलान् ? तिनको सिद्धान्त पनि अब देखिएला ?

गगन कांग्रेस भन्छ- हामी छौं

पूर्वसभापति शेरबहादुर देउवा गर्जिएका छन्- पार्टीका लागि श्वास रहेसम्म संघर्ष गर्छु। गगन थापा १८ करोड घूस दिएर आधिकारिकता लिएको विवादमा मुछिएका छन्। देउवा समूहबाट भावी सभापतिमा शशांक कोइरालालाई देउवाले ग्रिन सिग्नल दिएका छन्। रूष्ठ भएका शेखर कोइराला दुवै पार्टीलाई टुक्रिन नदिई एकता गराउँछु भनेर अघि सरेका छन्। कांग्रेस कुहिरोको कागजस्तो देखिन्छ। अर्थात् कांग्रेस ऐतिहासिक रूपमा विखण्डनको संघारमा पुगेको छ।

गगन कांग्रेस, आफूलाई युवा दावी गर्दै 'हामी छौं, हामी तयार छौं' अभियान चलाएर आफ्नो नेतृत्वको नेपाली कांग्रेसलाई अझ शक्तिशाली बनाउन मंसिर १ देखि ३ लाख कार्यकर्ता परिचालित गरेर शक्ति प्रदर्शन गर्ने सुरसारमा देखिन्छ।

यता निर्वाचन आयोगले स्थानीय निर्वाचनको मिति घोषणा गर्न पार्टीहरूलाई छलफलका लागि निम्त्याएको छ। महामन्त्री प्रदीप पौडेल भन्छन्- यो अभियान वडा तहसम्म पुग्नेछ र कांग्रेसको यो सबैभन्दा ठूलो जनशक्ति प्रदर्शन हुनेछ।

गगन कांग्रेसले १५औं महाधिवेशन सम्पन्न गरिसकेको छ भने देउवा कांग्रेस १५औं महाधिवेशन सम्पन्न गर्न जुटेको छ। दुवै कांग्रेस लोकतन्त्र बचाउन तैयार छौं भनिरहेको छ। दुवै कांग्रेको १५औं महाधिवेशन। अजब नेपालमा गजब।

कांग्रेसका दुवै खेमा स्थानीय निर्वाचनमा रास्वपा, एमाले, नेकपासँग चुनावी सङ्ग्राममा जाँदा कांग्रेसको हालत अहिलेभन्दा पनि निकै खस्किन पुग्ने विश्लेषण भइरहेको छ। गगन र देउवा कांग्रेस आफ्नो आधिकारिक हैसियत खोज्नाखोज्दै स्थानीय निर्वाचन घर्किन सक्नेछ। ८ दशक पुरानो पार्टी पानी झैं पोखिदैछ।



नेपाली राष्ट्रवाद कहिल्यै भारतविरोधी थिएन

- गालब बहादुर ढुंगाना

गत अक्टोबर २३ मा नयाँदिल्लीमा आयोजित एनडीटीभी वर्ल्ड समिटमा अर्थमन्त्री स्वर्णिम वाग्लेले कुनै समय नेपालमा राष्ट्रवादलाई भारतविरोधी भावनासँग जोडेर हेर्ने गरिएको र अब त्यो युग समाप्त भएको बताए। भारतसँग आर्थिक सम्बन्ध अझ सुदृढ बनाउनुपर्ने उनको धारणा स्वागतयोग्य छ। यसले नेपाली राष्ट्रवादको ऐतिहासिक पृष्ठभूमि र वास्तविक अर्थबारे पुनर्विचार गर्ने अवसर पनि दिएको छ। नेपाली राष्ट्रवादको आधार कहिल्यै भारतको विरोध थिएन। यसको मूल भावना नेपालको स्वाधीनता जोगाउनु र आफ्नो भविष्यबारे आफैं निर्णय गर्न पाउने अधिकार सुरक्षित गर्नु हो।

नेपाली राष्ट्रवादको जग अठारौं शताब्दीमा पृथ्वीनारायण शाहले सुरू गरेको नेपाल एकीकरण अभियानसँगै बसेको हो। उनको दिव्य उपदेश मा राष्ट्रिय एकता, आत्मनिर्भरता र शक्तिशाली छिमेकीसँगको सम्बन्धमा अपनाउनुपर्ने विवेक र सतर्कतामा जोड दिइएको छ। बहादुर शाहले राज्य विस्तारलाई निरन्तरता दिए भने अमरसिंह थापा र बलभद्र कुँवरजस्ता वीर सेनानायकहरूले ईस्ट इन्डिया कम्पनीविरूद्ध नेपालको रक्षा गरे। सन् १८९६ को सुगौली सन्धिबाट ठूलो भूभाग गुमाउनुपरे पनि नेपालले आफ्नो स्वतन्त्र अस्तित्व कायम राख्यो। निरंकुश राणा शासकहरूले समेत नेपालको स्वाधीनता जोगाउने परराष्ट्र नीति अपनाए। सन् १९२३ मा बेलायतसँग भएको सन्धिले नेपालको स्वतन्त्र हैसियतलाई थप मान्यता दियो।

भारतको महत्त्वपूर्ण सहयोग रहेको २००७ सालको प्रजातान्त्रिक क्रान्तिले नेपाली राष्ट्रवादमा जनताको अधिकार र सार्वभौमसत्ताको नयाँ आयाम थप्यो। त्यसपछि राजा महेन्द्रले चीन, अमेरिका, सोभियत सघलगायत विभिन्न मुलुकसँग सम्बन्ध विस्तार गर्दै नेपालको परराष्ट्र नीतिलाई फराकिलो बनाए। पूर्वपश्चिम राजमार्गको निर्माणले देशभित्रको सम्पर्क र एकतालाई बलियो बनायो। सन् १९६९ मा उत्तरी सीमाका भारतीय सुरक्षा चौकी र भारतीय सैनिक सम्पर्क मिसन हटाइनु नेपालको स्वाधीनताको महत्त्वपूर्ण कदम थियो। तर महेन्द्रले प्रजातान्त्रिक व्यवस्था अन्त्य गरेकाले राजनीतिक स्वतन्त्रताविनाको राष्ट्रवाद अपूर्ण हुन्छ भन्ने पनि स्पष्ट भयो। राजा वीरेन्द्रले सन् १९७५ मा अघि सारेको नेपाललाई शान्तिक्षेत्र घोषणा गर्ने प्रस्तावलाई सयभन्दा बढी मुलुकले समर्थन गरे पनि भारतले समर्थन गरेन। शान्तिपूर्ण सहअस्तित्व र स्वतन्त्र परराष्ट्र नीतिको भावनामा आधारित त्यस्तो प्रस्तावलाई आजको लोकतान्त्रिक नेपालअनुकूल पुनः अघि बढाइए भारतले अझै पनि समर्थन गर्न सक्छ।

नेपाल र भारतबीच खुला सीमा, साझा संस्कृति, धर्म, व्यापार र पारिवारिक सम्बन्धले जोडिएको विशेष मित्रता छ। २०७२ सालको विनाशकारी भूकम्पपछि नेपालले तत्काल सहयोग गर्ने मुलुकमध्ये भारत पनि थियो। तर राजनीतिक मतभेदका कारण यो सम्बन्धमा बेलाबेला तनाव पनि आएको छ। सन् १९८९ मा व्यापार तथा पारवहन सन्धिको म्याद सकिएपछि भारतले १५ मध्ये १३ नाकामा आवागमन बन्द गर्दा नेपालमा इन्धन, औषधि र बालआहारको गम्भीर अभाव भयो। अमेरिकी लाइब्रेरी अफ कंग्रेसको नेपालसम्बन्धी अध्ययनअनुसार आर्थिक वर्ष २०४४ र ४५ मा ९.७ प्रतिशत रहेको आर्थिक वृद्धिदर २०४५ र ४६ मा १.५ प्रतिशतमा झरेको थियो।

करिब नौ हजार मानिसको ज्यान लिने भूकम्पको केही महिनापछि २०७२ सालमा नेपालले अर्को गम्भीर आपूर्ति अवरोध भोग्नुपर्यो। करिब साढे चार महिनासम्म चलेको अघोषित नाकाबन्दीका कारण इन्धन, औषधि र दैनिक उपभोग्य वस्तुको अभाव भयो। युनिसेफले ३० लाखभन्दा बढी बालबालिका जोखिममा परेको चेतावनी दिएको थियो। भारतले नाकाबन्दीमा आफ्नो संलग्नता अस्वीकार गरे पनि आम नेपालीले भोगेको कठिनाइ वास्तविक थियो।

त्यस बेला सडकमा विरोधका नारा लागे र केही केवल सञ्चालकले भारतीय टेलिभिजन च्यानलको प्रसारणसमेत रोके। तर त्यो आक्रोश तत्कालीन परिस्थितिको प्रतिक्रिया थियो, नेपाली राष्ट्रवादको मूल आधार होइन। कालापानी, लिपुलेक र लिम्पियाधुरा सम्बन्धी समाधान हुन बाँकी सीमा विवाद पनि दुई देशबीचको चिन्ताको विषय हो। यस्ता विषयमा नेपालीले उठाएका प्रश्नलाई भारत वा भारतीय जनताप्रतिको विरोधका रूपमा नभई राष्ट्रिय हित र स्वाभिमानको अभिव्यक्तिका रूपमा बुझिनुपर्छ।

चीन, अमेरिका र अन्य पश्चिमा मुलुकसँग स्वतन्त्र सम्बन्ध राख्नु पनि नेपालको सार्वभौम अधिकार हो। भारतले आफ्ना राष्ट्रिय हितअनुसार विश्वका विभिन्न मुलुकसँग सम्बन्ध विस्तार गरेजस्तै नेपालले पनि त्यस्तो स्वतन्त्रता पाउनुपर्छ। राष्ट्रवाद कुनै निश्चित आर्थिक नीति पनि होइन। भारतले कुनै समय विदेशी लगानीमा कडा नियन्त्रण गर्यो र पछि आर्थिक उदारीकरणको बाटो अपनायो। तर त्यसले उसको राष्ट्रिय पहिचान वा राष्ट्रवाद कमजोर बनाएन। नेपालले पनि आफ्नो राष्ट्रिय हित सुरक्षित राख्दै विदेशी लगानी, क्षेत्रीय आर्थिक सहकार्य र विभिन्न मुलुकसँग साझेदारी विस्तार गर्न सक्छ।

नेपालका प्रजातान्त्रिक आन्दोलन र २०७२ सालको संविधानले सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको मान्यतालाई थप स्थापित गरेका छन्। त्यसैले आजको राष्ट्रवादले भौगोलिक अखण्डता र राष्ट्रिय स्वाधीनतासँगै लोकतन्त्र, विधिको शासन र प्रत्येक नागरिकको समान अधिकारलाई पनि समेट्नुपर्छ। आर्थिक समृद्धि र राष्ट्रिय स्वाधीनता एकअर्काका विरोधी होइनन्, परिपूरक हुन्।

भारतसँग घनिष्ठ आर्थिक सहकार्य गर्ने अर्थमन्त्री वाग्लेको सोच पनि यही मान्यतासँग मेल खान्छ। दुई देशका अर्थतन्त्र गहिरोसँग जोडिएका छन्। भन्सार विभागका अनुसार आर्थिक वर्ष २०८२ र ८३ मा नेपालको कुल वैदेशिक व्यापारको करिब ६० प्रतिशत भारतसँग भएको थियो भने कुल निर्यातको ८० प्रतिशतभन्दा बढी भारतमै गएको थियो। भारतसँग मात्रै नेपालको व्यापार घाटा करिब ९ खर्ब ५२ अर्ब रूपैयाँ पुगेको थियो। यसले भरपर्दो व्यापार तथा पारवहन सुविधाको महत्त्व अझ स्पष्ट पार्छ।

अर्कोतर्फ, ऊर्जा व्यापारले दुई देशबीच सहकार्यका नयाँ सम्भावना खोलेको छ। सन् २०२४ को सम्झौताअनुसार भारतले आगामी दस वर्षमा नेपालबाट १० हजार मेगावाटसम्म विद्युत् आयात गर्ने लक्ष्य राखेको छ। नेपाल विद्युत् प्राधिकरणका अनुसार भारततर्फ विद्युत् निर्यातको स्वीकृत क्षमता करिब १२ सय मेगावाट पुगिसकेको छ। भारतको समृद्धिले नेपाललाई अवसर दिन्छ भने शान्त, समृद्ध र स्वतन्त्र नेपाल हुनु भारतकै हितमा पनि छ। एकअर्काको स्वतन्त्र परराष्ट्र नीतिको सम्मान, सीमा विवादको शान्तिपूर्ण समाधान र राजनीतिक मतभेदका कारण अत्यावश्यक व्यापार तथा पारवहनमा फेरि अवरोध नआउने विश्वासले दुई देशको मित्रतालाई अझ बलियो बनाउन सक्छ।

नेपाली राष्ट्रवाद राजतन्त्र, राणा शासन, प्रजातान्त्रिक आन्दोलन र गणतन्त्रसम्म आइपुग्दा निरन्तर विकसित भएको छ। तर यसको मूल भावना आज पनि उही छ। नेपाल र नेपालीको हितलाई पहिलो प्राथमिकतामा राख्दै भारत, चीन र विश्वका सबै मुलुकसँग समानता, पारस्परिक सम्मान र मित्रताको सम्बन्ध कायम गर्नु नै नेपाली राष्ट्रवादको सार हो।

नेपालको पक्षमा उभिन कहिल्यै भारतको विरोधी हुनुपरेन।

चुनावको तैयारी सुरु

निर्वाचन आयोगले दलहरूलाई छलफलका लागि बोलाएको छ, यो स्थानीय चुनाव फागुनमै गर्ने तैयारी हो।

नेकपा सबैलाई मिलाएर क्रान्तिको तैयारी गर्दैगदौ एमाले मंसिर २ र ३ मा गर्न लागेको राष्ट्रिय भेला गरेर चुनावी र णनीति बनाउन जुटेको छ। नेपाली कांग्रेस तीनतिर चोइटिएका छन्। कांग्रेसको हालत इतिहासमै कमजोर देखिदैछ।

एमालेमा अचम्मको दृश्य भनेको पूर्व राष्ट्रपति विद्यादेवी भण्डारी दिनहुँ पार्टी कार्यालयमा हाजिर बजाएर स्थानीय चुनाव कसरी जित्ने र एमालेलाई कसरी शक्तिशाली बनाउन सकिन्छ भन्ने आन्तरिक बहसमा जुटेकी छिन्। एमालेमा क्षेत्रगत नेतृत्व र जिम्मेवारीमा युवाहरूलाई चयन गरेको छ, जसअनुसार कोशीमा सुनिता बराल, क्षितिज थेवे र मनोज ताम्सी, मधेशमा विशाल भट्टराई, नरेन्द्र न्यौपाने र समिमबाबु खान, बागमतीमा सुमिक बडाल, महाराज गुरूङ र रमेश आचार्य छन् भने राजधानी प्रदेशमा भोला पोखरेल, सञ्जिव धिताल र सुदर्शन सिवाकोटी, गण्डकीमा रश्मी आचार्य, विनिता काफ्ले र रामजी सापकोटा, लुम्बिनीमा धर्म गिरी, सुमन पुरी र संगम अर्याल, कर्णालीमा निरज आचार्य, नारायण घर्ती र विरेन्द्र रावल तथा सुदूर पश्चिमा गोविन्द गिरी, मोती विक र दीपक धामी रहेका छन्। स्थानीयदेखि केन्द्रसम्म युवा र पुराना नेताहरूलाई महत्व दिएर साथसाथै सहभागी गराइएको एमालेमा यो पहिलो घटना हो। कांग्रेस र नेकपा आआफ्नै रागमा चाउरिएका छन्, फुईकी हाँकिरहेका देखिन्छन्। अरू साना दलहरू चर्को भाषणमा लिप्त देखिन्छन्।

रास्वपालाई फुटाउन र बालेन सर कारलाई ढाल्न स्थानीय चुनाव दुइधारे तर वारजस्तो देखिन्छ। रास्वपा अझै एक भएर शक्ति देखाउनेमा दृढ देखिन्छ।

इनाम बिचौलिया दलदलमा को को फस्लान् ?

इनाम पहिरोमा को को फस्लान् ? वर्तमान राजनीतिको यक्ष प्रश्न शो ।

नेपाली राजनीतिमा जेनजी विद्रोहले यूटर्न ल्यायो । जेनजी सरकारले शासन प्रशासनमा ठूलै उथलपुथल ल्याइरहेको छ । राजनीति तर्राङ्गित छ, भुइचालो जाने खतरा सन्निकट देखिदैछ । त्यो भुइँचालोले के कस्तो र कसकसलाई क्षति पुऱ्याउने हो, त्यो आँकलन गर्न सकिने अवस्था छैन । घटनाले राष्ट्र पनि प्रभावित हुनेछ ।

प्रम बालेन साह संसद गएनन्, संसदमा उठेका प्रश्नको जवाफ दिदैनन्, प्रतिपक्षीहरूलाई बेवास्ता गर्छन्, मुखै हेर्दैनन् । राष्ट्रघात र निरंकूशताको आरोप लाग्दासमेत बोल्दैनन् । आफूले भन्नुपर्ने कुरा स्टाटस् लेखेर भन्छन् र उनको स्टाटस शासन शैलीले राजनीतिलाई निकै तताएको छ । कुन बेला कस्तो निर्णय गर्ने हुन्, को पक्राउ पर्ने हुन्, खासगरी बहुदल र लोकतन्त्रका पुराना शासक प्रशासकहरूमा भयानक त्रासदीको सनसनी फैलिएको छ, चुलिएको छ ।

पत्रकार पक्राउ परे, छाडिए । इनम सापकोटा भन्ने बिचौलिया पक्राउ पऱ्यो, उसको मोबाइलबाट अदालतसम्म सेटिङका पत्र पत्र खुल्न थालेका छन् । सर्वोच्च अदालतका ७ न्यायाधीश बिचौलिया इनम सापकोटाले होटल हिमालयनमा भोजखान बोलाउँदा सहभागी भएको बयानले नेपालको राजनीति भ्रष्ट भनिएको थियो, अदालत पनि भ्रष्टाचार मा लिप्त भएको खुलासा हुनपुग्यो । प्रधानमन्त्रीका रहस्यमय स्टाटसहरूले प्रतिपक्षी दलका नेताहरू नै पक्राउ पर्ने संकेतहरू छताछुल्ल समाचारमा देखिन्छन् । राजनीति समुद्रको जहाजजस्तो डोलायमान हुनपुगेको देखिन्छ ।

नेपाली राजनीतिका पछिल्ला परि दृश्यहरू नाटकीय लाग्छन् । यो नाटकीय परिदृश्यको अन्त्य दुखान्त हुन्छ कि हास्यात्मक ? जे भए पनि शासन प्रशासन हिजोका शासकले गरेको फोहर नालीमा गिजोलिन पुगेको छ ।

शासन प्रशासन, न्यायक्षेत्रको व्यापार मा बिचौलियको रूपमा अचम्मको बिचौलियाको रूपमा उभिएको छ ।

प्रम बालेन साह प्यापर थिए, र ाजधानीको मेयरमा जनताले जिताए । कालोचस्मा, काले पोसाक, कम बोल्ने, कम हाँस्ने र सामाजिक सञ्जालबाट ख्याति कमाउँदै जेनविद्रोहको जगमा प्रधानमन्त्री बने । नेपाली राजनीतिमा प्रतिपक्षीवाट उनी जतिसुकै आलोचित भए पनि र ाष्ट्रसंघको मञ्चमा उभिएर उनले जुन प्रकारले नेपाल बोले, हिमाल बोले, पशुपतिनाथ र बुद्ध बोले । त्यसपछि विश्व भन चकित पऱ्यो । बालेन साह अचम्मका र युवाजगतका आकर्षक व्यक्तित्वका रूपमा विश्वचर्चित बन्नपुगे ।



३५ वर्षे युवा प्रम बालेनका प्रमुख सल्लाहकार हुन् कुमार बेन । उनी गेम चेन्जरका रूपमा पनि चर्चित हुनपुगेका छन् । थोत्रो मोटरसाइकलमा हुइँकिने, सार्वजनिक हुन नखोज्ने, राजनीतिका र णनीतिकार मानिने, राज्यकोषबाट तलवभत्ता नलिने, सार्वजनिक नहुने आश्चर्यपूर्ण चरित्र छ कुमार बेनको ।

चर्चा छ, इनाम सापकोटाको । ३० वर्षे ठिटो । उनी कर्मचारीतन्त्र, न्यायपालिका, राजनीतिक वृत्तमा यसरी छाएका रहेछन् कि न्यायाधीशसमेत उनका पछाडि पछाडि दगुरेको आदेश पालक देखिएका छन् । अहिले र ाजनीतिमा पहिरो जाँदैछ त इनाम सापकोटाको मोबाइल सन्देश र उनले पहरीलाई दिएको बयानले हो । प्रहरी प्रमुख दानबहादुर कार्की इनामसँग नाइटो जोडिएकै कारण प्रमका सुरक्षा सल्लाहकारका रूपमा थपना हुनपुगेका छन् । सर्वोच्चमा सरकार विरूद्ध मुद्दा हाल्न पुगेका दानबहादुर कार्कीले अन्ततः सरूवा स्वीकारेका छन् ।

इनामपछि चर्चा छ, पूर्व प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको । उनी नै रहेछन्, शेरबहादुर देउवाबाट खोसिएको कांग्रेसको आधिकारिकता न्यायालयबाट दिलाइदिने, आफू राष्ट्रपति हुने र यो सरकार ढालेर चुनावअघिको संसद ब्यूँताइदिने ठेकेदार । इनामको पक्राउपछि चोलेन्द्र पक्राउ परे, छाडिए । तर उनले अझै मुख खोलेका छैनन् । खोल्न सकेनन् ।

अर्का हतियारका बिचौलिया भनेर दुर्नाम कमाएका व्यक्ति हुन् दीपक भट्ट । उनलाई राजनीतिक वृत्तमा कमिशन एजेण्ड र फिक्सर भनेर पनि चिनिन्छ । पुराना दलहरूले शिरमा राखेका भट्टलाई जेनजी सरकारले पक्राउ गरेर जेलमा कोचेको छ । थप अनुसन्धान जारी छ ।

बिचौलियाको कथाको सुरूआत हुन्छ, सेप्टेम्बर २७ बाट । आधारातमा पूर्व प्रधानन्यायाधीश चोलेन्द्र शमशेर ओछ्यानबाटै पक्राउ परे। उनलाई सुरक्षा खतरा थियो भनेर पक्राउ गरियो, भोलिपल्ट छाडियो र भोलिपल्टै चोलेन्द्रले सुरक्षा पाउँ भन्ने निवेदन प्रहरीलाई बुझाएका थिए । सन २०२९ मा तत्कालीन प्रम केपी ओलीले मध्यावधि घोषणा गर्दा कांग्रेसका सभापतिले इन्कार गर्दै रिट हाले जसलाई तत्कालीन प्रधानन्यायाधीशको इजलासले २४ घण्टामा देउवालाई सपथ गराउन आदेश दिएको थियो । प्रम बनाउने संसद हो तर न्यायालयले प्रधानमन्त्री नियुक्त गरेको यो आश्चर्यपूर्ण घटना थियो । यो निर्णयको बदलामा चोलेन्द्रले सरकारमा भाग खोजे, आफ्ना जेठान गजेन्द्र हमालाई मन्त्री बनाउन माग गरे । विवाद चुलियो, हमाल २ दिने मन्त्रीमा सिमित हुनपुगेका थिए । भ्रष्टाचारका अनेक आरोप लागेपछि चोलेन्द्रविरूद्ध महाभियोग नै लगाइएको थियो । तर महाभियोगमा मतदान हुनसकेन । निलम्बित रूपमै २०२२ मा उनी अवकाश हुनपुगे ।

चोलेन्द्र पक्राउ पर्नुअघिदेखि नै दीपक भट्ट धुनामा परिसकेका थिए । सम्पत्ति शुद्धीकरण, भ्रष्टाचारका मुद्दामा व्यापारी शेखर गोल्दा, शंकर अग्रवाल, सुलभ अग्रवाल, एमाले नेता विष्णु पौडेल, दीपक भट्टका भाइ सुशील भट्ट समेत मुछिएका थिए । त्यसपछि भट्टका पिताले सर्वोच्चमा बन्दी प्रत्यक्षीकरणको मुद्दा दायर गर्न पुगे । बालेन सरकारले फिसिड अपरेशन, अनुसन्धान अगाडि बढाइरहेको थियो । यही सिलसिलामा इनाम सापकोटाले मध्यस्थकर्ताको अहं भूमिका खेलेको प्रमाण भेटियो । यही प्रमाणका आधारमा दिल्ली जाँदैगर्दा इनाम सापकोटा एयरपोर्टबाटै पक्राउ परे । इनामसँगै जोडिएका सशस्त्रका अतिरिक्त महानिरीक्षक बंशीराज दाहालको कच्चा चिठ्ठा सरकारले फेला पाऱ्यो । अति संवेदनशील सूचना चुहाएको पनि सरकारले थाहा पायो । सरकारले उनको जागीरै खाइदियो ।

इनाम सापकोटा पक्राउ परे, उनको मोबाइलका सन्देशहरू जाँच हुनथाल्यो । मोबाइलबाट व्यवसायी, नेता, न्यायाधीश, प्रहरीका अधिकृतहरूलगायतका प्रमाणहरू सरकारले संकलन गऱ्यो । न्यायाधीश इनामले बोलाउँदा होटलमा पुगेको, भोज खाएको, लेनदेनका कुरा गरेको सीसीटीभी फुटेज पनि संकलन गरेर अनुसन्धान अगाडि बढाएको छ ।

केही पत्रिकाले इनाम सापकोटा र सर्वोच्च अदालतका न्यायाधीश हरि फुयाँलबीच भएका व्हाट्सएप सन्देश समाचारलाई छताछुल्ल पारेको आरोपमा पत्रकार पक्राउ पर्छन् र छाडिन्छन् । र ाजनीतिमा तहल्का मच्चिदै थियो, बहालवाला प्रधानन्यायाधीश मनोजकुमार शर्मा, राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद विश्वराज पोखरेल तथा एआईजी बंशीराज दाहाल संलग्न लेनदेनको विषय सार्वजनिक भयो । सापकोटाकी पत्नी कविता पाण्डे नेपाली बैंक खातामा वा सापकोटाका आफन्त निराजन पाण्डेको बैंक अफ अमेरिका खातामा रकम पठाउन निर्देशन दिइएको खबरहरू पनि सार्वजनिक हुनपुगेका थिए ।

अब सबरले सीमा नाघ्यो । जे पनि हुनसक्छ भन्ने थाहा पाएपछि न्यायाधीशहरूले अक्टोबर ३० मा न्यायाधीश हरि फुयाँलदेखि प्रधान न्यायाधीश मनोजकुमार शर्मासम्मले आफू चोखो रहेको प्रष्टिकरण वक्तव्य दिनपुगे । न्यायाधीश हरि फुयाँले इनाम सापकोटासँग सम्पर्क थियो, होटलमा ७ जना न्यायाधीश गएको हो भनेर स्वीकार गरेका छन् तर मुद्दामा तलमाथि गरेको छैन भनेका थिए । त्यसपछि न्यायाधीशहरूविरूद्ध महाभियोग ल्याउने हल्ला तीव्र बन्नथाल्यो ।

अक्टोबरमा ३० मा प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले वरिष्ठ प्रहरीसँग छलफल गरेर पद बचाउको प्रयास गरे, सफल हुनसकेनन् । उनी हटाइए । सर्वोच्चमा फूलकोर्ट बैठक भयो, निष्कर्ष निक्लियो- सरकारले नै छानविन गरोस् ।

यही समयमा प्रम बालेन साहले र हस्यमय स्टाटस लेखे- "ठीक समय आएपछि सबैको 'बेठीक समय' पनि आउँछ, एक-दुई जनाले त उम्किने सपना पनि नदेखे हुन्छ !"

यसपछि घटनाले अर्को मोड लियो । इनाम सापकोटाको मोबाइल प्रम बालेनका प्रमुख सल्लाहकार कुमार बेनले २ दिन आफूसँगै राखेका थिए । पछि फोरेन्सिक अनुसन्धानले शंकाको सुई कुमारतिरै मोड्यो, आफू र इनमबीचको सम्बन्ध र हेको र आफूहरूबीचको सन्देश मेटाएको हल्लाखल्ला जारी छ । यसमा प्रम बालेन सल्लाहकारहरू मौनता साधिरहेका छन् ।

प्रहरी प्रमुखमा डा.मनोज केसी नियुक्त भएका छन् । इनाम सापकोटाको मोबाइलबाट कांग्रेस सभापति गगन थापाले १८ करोड घूस दिएर देउवाबाट नेतृत्व खोसेको कुरा बाहिर आएको छ । अहिले कांग्रेसभित्र १८ करोडको सवाललै ठूलै हंगामा भइरहेको छ । पूर्वसभापति देउवा अन्तिम श्वास भएसम्म नछाड्ने बताउन पुगेका छन् । यसको जवाफमा गगन थापाले लेखेका छन्- "अहिले १८:०० बजेको छ । धेरै आए तर्साउन, तर म तर्सिने बानी भएको मान्छे होइन मेरा हात सफा छन् ।"

घटना यिनै हुन् । यी घटनाले कृष्णभीर मा गएजस्तो सुख्खा पहिरो कति जाने हो, नोक्सानी कति गर्ने हो ? अनुमान मात्र गर्न सकिन्छ । इनाम सापकोटाले खनेको खाडलमा को को पर्ने हुन् ? यो सबैभन्दा गम्भीर सवाल हो । सरकार दुई तिहाइ निकटको छ, सरकारलाई फरक नपर्ला । जबसम्म सभापति रवि लामिछाने र प्रम बालेनबीच मैत्रीभाव र हन्छ, यो सरकार ५ वर्षका लागि स्थिर सरकार हो । फरक प्रतिपक्षीलाई पर्नेवाला छ । इनाम सापकोटोको लिङ्क तरूल खनेझैं खन्न थालेपछि त्यो खाडबाट कुन कुन प्रकारका विषालु नेताहरूको अनुहार देखिने हो, चासो र उत्सुकता दिनदिनै बढ्दो छ । सुशासन दिन्छु, भ्रष्टाचारको अन्त गर्छु, नेपाल बनाउँछु भन्ने रास्वपा र बालेन साहका लागि यो समय अग्निपरीक्षाको समय हो । पेण्डोराको बक्स खुल्यो, रहस्यहरू खुल्दैछन् । नेपालको र ाज्यसत्ता कतिसम्म निकृष्ट भइसकेको रहेछ, फलाममा खिया लागेजस्तो वा विरूवामा ऐंजेरू पलाएजस्तो भएको रहेछ भन्ने सानो उदाहरण हो इनाम सापकोटा र बिचौलियाहरूको पर्दाफास । लहरो तानिएको छ, पहरो गर्जदै छ । प्रम बालेन साह एकजनालाई पनि छाड्दिन, भ्रष्टहरूको दिन सकियो भनिरहेका छन् । हेर्नुछ, भ्रष्टले कि इमानले जित्लेछ ?

- डा.विनिता



जिल्ला प्रहरी परिसर काठमाडौंको अनुरोध !
पछिल्लो समयमा Facebook Boost गरिदिने भन्दै
अनलाइनमार्फत पैसा Payment लिएर रकम प्राप्त
भएपछि ब्लक गरी ठगी गर्ने घटनाहरू बढिरहेका छन् ।
यस प्रकारका गतिविधिबाट सचेत रहनुहुन,
अपरिचित व्यक्ति वा पेजलाई रकम नपठाउन
तथा पठाउनै पर्ने अवस्थामा रकम पठाउनु अघि
आवश्यक प्रमाण तथा विश्वसनीयता सुनिश्चित
गर्न जिल्ला प्रहरी परिसर काठमाडौं सबैमा
अनुरोध गर्दछ ।
Facebook Boost
"Nepal Police" Mobile App
प्रहरीलाई सम्पर्क गर्न सकिने माध्यमहरु
नेपाल प्रहरी १००
जिल्ला प्रहरी परिसर काठमाडौं ९८५१२८२०१२
ट्राफिक प्रहरी १०३

देवकोटाको ११८औं जन्मजयन्ती



-सुरेशकुमार पाण्डे

महाकवी लक्ष्मीप्रसाद देवकोटाको जन्मजयन्तीको सुअवसरमा देशभरिका साहित्येकारहरूले विभिन्न कार्यक्रमको आयोजना गरेर सम्मानपूर्वक सझेका हुन्छौं । महाकवी देवकोटको मात्र होइन राष्ट्रका विभिन्न विभूतीहरू जस्तै मोतीराम भट्ट, भानुभक्त, शिरोमणि कवि लेखनाथ पौड्याल लगायतका कयौं साहित्यका धरोहरहरूको सम्मानमा कार्यक्रमहरू हुन्छन् । यसपल्ट पनि देवकोटा जयन्तीमा देशैभरि र विदेशमा समेत कार्यक्रमहरू भएका छन्

यि सबै देशका अमूल्य धरोहर हुन,भन्नेबारे सबै अग्रज तथा अनुज साहित्यकार हरूलाई थाहा छ ।कुनैपनि साहित्यकारको भाषा संस्कृतको जोगेर्णा गर्ने सम्वर्धन संरक्षण र विकासमा पनि कमोवेस योगदान हुन्छ । त्यसैको परिणाम राष्ट्रको भाषा संस्कृतिलाई जोगाउन सकिन्छ ।

कुनैपनि देशको आफ्नै प्रकारको भाषा भेषभुशा रहनसहन हुन्छन्, त्यो राष्ट्रको चिनारी हो । कविहरू देशका खाँबाहरू हुन्छन् । त्यसैले उनिहरूको संझना सम्मान् र उनिहरूको अमूल्य धरोहरको रक्षा गर्ने पनि नागरिकको दायित्व बन्छ । महा कवि लक्ष:मीप्रसाद देवकोटाको बारेमा पनि त्यही सत्य हो । उनि लक्ष्मीपुजा कै दिन जन्मिएका थिए काठमाण्डौको डिल्ली बजार स्थित धोबीधारामा कात्तिकको २७गते वि. स. १९६६मा पण्डित तीलमाधव देवकोटा र माता अंमर राज्यलक्ष्मी देवीको कोखबाट भएको हो ।महा कवि लक्ष्मीप्रसाद देवकोटाको न्वरानको नाम भने तीर्थमाधव देवकोटा थियो तर उनि लक्ष्मी पुजाकै दिनमा जन्मिएकाले लक्ष्मीप्रसाद नाम रहेको भनिन्छ । महा कवि लक्ष्मिप्रसाद देवकोटाका कृती मध्य "मुनामदन" अत्याधिक चर्चित पुस्तक हो, तर उन्का थुप्रै कृतिहरू राम्रा र धेरैले मनपराएका छन् ।

जस्तै कुञ्जिनी, भिखारी, आदि पुस्तकले पनि जनताको मनमा घर जमाएकाछन् । उस्तै उन्ले महाकाव्य पनि लेखेकाथिए सकुन्तला, सुलोचना, वज्रव्यम आदि र निवन्धहरूपनि लक्ष्मी निवन्धसंग्रह, पागल, यात्रि आदि प्रसिद्ध छन् । चम्पा "आदि उपन्यासपनि लेखेका थिए ।उनका अन्य थुप्रै फुटकर रचनाहरू पनि छन् ।

नेपाली माटोमा साहित्यकारको उत्पत्ति त भएकै होला मानिसको जन्मसँगै तर व्यवस्थित गर्ने र त्यसको सङ्लन र सयोंजन गर्नेकाम भने धेरै लामो देखिदैन ।वि. स. १८६०को दशक यसको प्रारम्भिक सुरूवात मानिएको छ । नेपालका पहिला कवि सुवानन्द दास मानिन्छन् । उन्ले पृथ्वीनारायण साहको एकीकरणबाट प्रभावित भएर "राजैभक्तीकृत" कविता लेखेको भनिन्छ । यो वि. स. १८२५को आसपास बताइन्छ । उनि जन्मिएको र उन्को मृत्यु भएको मीति एकिनन् हुन सकेको छैन छुट्टा छुट्टै लेखमा छुट्टा छुट्टै मीतिहरू भेटिएको पाइन्छ ।

तर कयौं ठाउँहरूमा उन्लाई पहिलो नेपालको साहित्यकार भनिन्छ । यद्यपि मौखिक र प्राचिन परमपरा धेरै पुरानो हुनसक्छ । मानव समाजको जन्म भएपछि उनिहरूको मनोरञ्जनका थुप्रै लोकगीत, नृत्यआदी अवश्य पनि समूहमा हुँदोहोला । यि सबैमा भावनाहरू उल्किन्थे होलान । यि सबै साहित्यका कलपूजा नै हुन । हामिले व्यवस्थित हुनथालेपछिको इतिहास लेख रचना आदि अध्ययन गरेर जानकारी भएकालाई आधिकारिक मान्ने गर्छौं । साच्चै भन्ने हो भने नेपालमा नागरिकताको सुरूवात वि. स. २००९साल देखि भएको हो ।तर नागरिक त नेपालमा सदियौं हजारौं वर्ष देखि थिए । वि. स. १९१०को मुलुकी ऐन र राणाहरूको साशनकालमा घोषणा भएपनि शासक र रैती बाहेक अरू थिएनन् । अर्थात ओपचारिक नागरिक वितरण थिएन । सीडीओ कार्यलय मार्फत नागरिकता वितरण वि. स. २०२४ देखि सुरू भएको थियो ।वि. स. २०१९सालको संविधानले नागरिकतासंवन्धी व्यवस्था पहिलो पटक गरेको थियो । नागरिक भएपनि त्यो भन्दा पहिले नागरिकताको व्यवस्था थिएन । नेपाल पुरानो स्वतन्त्र राष्ट्र हुँदा हुदैपनि थुप्रै विषय वस्तुहरू ओझेलमा परेका देखिन्छन् ।

यसरी नै देशभित्रका कविहरू पनि ओझेलमा परेका हुनसक्छन् त्यो सोध,खोज र अनुसन्धानको विषय हो ।देशका सबैखाले लेखक कवि जसले भाषा कला साहित्यकोलागि आ-आफ्नो अमूल्य समय खर्चिए उनिहरूको खोजविन हुनुपर्छ ।

जे हौस आज हाम्रो अगाडी भएका जेजती राष्ट्रका धरोहर छन् ति सबैको सम्मान गर्नुपर्छ । नेपालको साहित्य आकासमा आदिकवी भानुभक्त, मोतीराम भट्ट, महा कवि लक्ष्मीप्रसाद देवकोटा र शिरोमणि कवी लेखनाथ पोडेल लगायतका देशका धरोहरलाई जोगेर्ना गर्दै अन्य खोज तलासपनि गर्दै जानुपर्छ । त्यही क्रमा आज नेपालमा साहित्येकार, साहित्य अनुरागी, साहित्यलाई माया गर्ने सबैले महा कवि लक्ष्मीप्रसाद देवकोटकाको सम्झनामा विभिन्न कार्यक्रमहरूको आयोजना गरेर मनाउँदै छन् ।

लक्ष्मीप्रसाद देवकोटा र मानदेवी चालिसेका पाँच छोरी र चार छोर हरूपनि थिए लक्ष्मीप्रसाद तीलमाधवका तेस्रो संतान हुन । उन्ले पार भिक क्षिक्षा दरवार हाइस्कुलमा पाए, पछि सन् १९२५मा त्रिचन्द कलेजमा भर्ना भए, सन् १९३१मा उनि क्षात्रवृति लिएर भारतको पटना पुगे त्यहाँ अँग्रेजी विषयमा भर्ना पाएनन् र कानुन विषयमा अध्यायन गरे । उन्को पिताले उन्लाई पण्डित बनाउने प्रयासमा थिए । सानै देखि अंमरकोसको उनैको पिताले रटाएका थिए । उनि आफ्नै पिताबाट कवितहरू लेख्न सिकेका पनि उल्लेख छन् । आजको जस्तो सुविधा दिएन कठिन परिश्थम गरेर मात्र आ आफ्ना रचनाहरू बजारमा आउन सक्थे । त्यो बेलाको अवस्था भनेको एकप्रकारको अन्धकार थियो । मानिसले आफ्नो प्रतिभा आफूभित्रै सडाएर जान्थे । कयौं प्रतिभाहरू समाजमा आउन सकेनन् तर केही गिनेचुनेकाहरूले आ आफ्ना प्रतिभाहरूलाई समाजमा ल्याउन सके । त्यो वेलामा कम्जोर र गरिवहरू अत्यान्तै उपक्षित थिए र केही आर्थिक सम्पन्न परिवारमा जन्मेका हुर्केकाहरूले मात्र ओपचारिक ज्ञान हासिल गर्न सके । थुप्रै प्रतिभाशाली युवाहरूको प्रतिभा अप्सान हुन पुग्यो । यद्यपि अहिलेको अवस्था भिन्दै प्रकारको छ एकजना मजदुरलेपनि चाहेमा आफ्नो प्रतिभा मिडियामार्फत जनताको माझमा पुराउने आँट राख्नसक्छन् ।

हाम्रो समाजमा अहिले थुप्रै कवि, लेखकहरू छन्, थुप्रै पुस्तक प्रकाशीत भएकाछन् । तर उनलाई सुन्ने, पढ्नेहरूको कमि छ । वास्तवमा यो अस्थाई जस्तो देखिएपनि नव युवाहरूमा चेत न आएसम्म यसले सङ्कट बनाइराख्ने देखिन्छ । चेतनशील प्राणीहरूमा छिट्टै पुस्तक चिन्ने, किन्ने र त्यो अध्यायन गर्ने काममा युवा जमातको अग्रसरताले काफी र ऐतिहासिक महत्व राख्छ ।हामिले कुन व्यक्ति कुन राजनीतिमा कुन पार्टीमा लागेको छ भनेर उस्को प्रतिभालाई उपक्षा गर्नु भनेको नै गलत प्रवृती हो । उसले जुनसुकै राजनीति अप्नाएपनि उसका रचनाहरू नेपाल देश र नेपाली समाजको हितमा छन् भने त्यो प्रतिभाको सम्मान गर्नुपर्छ । अहिले साहित्यिक जगतमा लक्ष्मीप्रसाद देवकोटालाई सम्मान गर्नु, उन्लाई सम्झिनु र उनका रचनामा विमर्श हुनु भनेको नेपाली समाजलाई बलियो र अखण्ड बनाउनु हो ।यस्तो महान कार्य अहिले हुँदै आएको छ यसमा अग्रिम पंक्तीमा राप्ती साहित्य परिषद डाड शाखा गर्दै आएको देखिन्छ । यस्तै सबैको हितमा कार्य सबै साहित्यिक संस्थाहरूले पनि गर्दै जानुपर्छ ।

पहिलो प्रेम (पुस्तक समीक्षा)



अरूणबहादुर खत्री

नारी साहित्यकार सरिता शैलीको पहिलो प्रेम नामक कृति २०८२ सालमा पहिलो कृतिको रुपमा प्रकाशित भएको छ। यसभित्र उनले लेखेको कथा, कविता र अनुभव र अनुभूतिहरु छन् । तर यी सबैभन्दा माथि एउटा निरन्तर रुपमा बगिरहने जीवन छ । त्यहि नारीको जीवन जसले कहिल्यै वग्न छोड्दिन । सरिता शैलीको लेखनमा मैले जीवन दर्शन भेटेको छु। प्रेम शब्द आफैंमा गहन र गज्जब छ । एक्लै वस्दा पनि एक्लै हुन नदिने यो चिज अदभूत छ । कृतिको रुपमा यो उनको पहिलो प्रयास भएकोले यसभित्र धेरै कमीकमजोरी भेटिनेछन् । अक्षर उनको पहिलो प्रेम त छदै थियो, अब जीवनपर्यन्त योसँगको प्रेमिल सम्वन्ध कायमै रहनेछ । यसभित्र



शैलीका कथाहरु नौवटा, कविताहरु एक्काइसवटा छन् र अनुभव र अनुभूतिहरु एघारवटा । आफैंलाई नियाल्दा पहिलो कथामा दशैं नजिकै आइसकेको थियो । मेरो छटपटाहट भने बढ्दै गइरहेको थियो । अब के गर्ने ? कता जाने ? यो समयको सदुपयोग कसरी गर्ने ? मनभित्र यस्तै प्रश्नहरु उनमा उठिरहेका थिए । काठमाडौंवाट इलाम जाने समूहमा शैलीको कसैसँग पनि चिनजान र सम्पर्क थिएन । त्यसैले समूहमा जाने गाडी पनि शैलीले पाउन सकिनन् ।

सानीको नयाँ घर शीर्षकको कथामा विहेपछिको पहिलो दिन सानी स्कुल जाने तयारी गर्दै थिई । आमाले हरियो घाँघर, सुरुवाल र सेतो ओढनी किनिदिनुभएको थियो । वैशाख महिना थियो स्कुलहरुमा फागुनदेखि नयाँ शैक्षिक सत्र सुरु हुन्थ्यो त्यति वेला । केही दिनदेखि पढाइ छुटेको थियो । त्यसैले स्कुल जान सानी उत्साहित थिई भनेर लेखिएको छ । आफूभित्र अन्धकार नमेटी उज्यालो भेटिदैन भन्ने गहिरो सत्य यसभित्र व्यक्त भएको छ ।

अक्षर मेरो पहिलो प्रेम शीर्षकको कथामा समयको खेल, किशोरावस्थाको प्रारम्भ मै दुलही बनाइएँ म एक अञ्जान व्यक्तिका लागि । कसैले सोधेन मलाई कसैसँग प्रेम छ कि भनेर । न त मैले बोल्ने हिम्मत गर्न सके कि म उसँग प्रेम गर्छु, उसैसँग जीवन बिताउन चाहन्छु भनेर । तर विहेपछि पनि मैले उसँग प्रेम गरिरहे । मैले भुल्न सकिन । मेरो मनवाट ऊ कहिल्यै टाढा हुन सकेन भनेर शैलीले लेखेकी छिन् । भकुन्डो शीर्षकको कथामा गृहकार्य गर्दागर्दै सानीको हात लुलो भयो । कापीमा कतावाट पानीको थोपा झऱ्यो लेखेको अक्षर धमिलो भयो । कठै त्यो पानीको थोपा त आँखावाट पो झरेको रहेछ भनेर लेखिएको छ ।

शैलीका कविताहरु सुन्दर छन् । प्रिय मन चौतारी लेखन कुञ्ज !!! शीर्षकको कवितामा चौतारी एउटा यस्तो ठाउँ जहाँ शरीरले बोकेको भारी विसाइन्छ सुस्ताइन्छ पसिना पुछिन्छ केही वेर थकाइ मारिन्छ भनेर लेखिएको छ । लन्डन ड्रिम्स शीर्षकको कवितामा वेलायतका सहर घुमी घुमी हेरौला टावरब्रिज, लन्डन आइ रमाएर चढौंला सफा चिल्ला सडकमा राता बसमा गुड्दौला भनेर शैलीले लेखेकी छिन् ।

जीवनसाथी शीर्षकको कवितामा तिम्रा नजरमा तिमी सही छौ मेरा नजरमा म सही छु तर, जव तिमी अरुका नजरले हेर्ने थाल्छौ जव अरुका कानले सुन्न थाल्छौ सही र गलत छुट्याउने शक्ति गुमाउँछौ मनको अन्धो भई हेर्ने शक्ति हराउँछौ भनेर लेखिएको छ । मलाई सवैभन्दा बढी छोएको पक्ष के हो भने जति धेरै दुःख आए पनि लेखिका शैलीले आफ्नो सर्जक मनलाई मन दिएको देखिदैन । यही नै स्रष्टाको सवैभन्दा ठूलो विजय हो ।

मादीखोलादेखि चियावगानसम्म शीर्षकभित्र बुवा सरकारी जागिरे । सरुवा भइरहने एक जिल्लावाट अर्को जिल्लामा । यसै क्रममा पूर्व मेचिको इलामदेखि पश्चिम महाकालीको कञ्चनपुरसम्म पुगियो परिवारका सवैजना । जुन जिल्लामा पुगे पनि सरकारी अफिसरको मान, सम्मान र खातिरदारी मिल्ने भनेर लेखिकाले लेखेकी छिन् । घरमा खाना बनाउने, सर सफाई गर्ने आदि दैनिक काममा समेत आमाले धेरै दुःख गर्नु नपर्ने सहयोगीहरु हमेसा तयार रहने भनेर लेखिएको छ । सिजन फूलवारी शीर्षकभित्र जीवनको करिव तिन दशक लामो शिक्षण अनुभवमा देश र विदेश गरी हजारौं विद्यार्थीहरुको सम्पर्कमा आइयो । सयौं शिक्षक साथीहरुसँग भेट भयो, तर सम्झना भने नेपालकै धेरै आउने गर्छ शैलीलाई । एकता सदन स्कुलमा शिक्षण गर्दा थुप्रै विद्यार्थीसँग समय विताउने अवसर मिल्यो । त्यही वेलाको छात्रा कान्ति थापा अहिले अमेरिकामा वस्छिन्, अहिलेसम्म पनि उनीसँग सम्पर्कमा आइरहन्छिन् ।

सवादी खा ! खापुन खाव ! शीर्षकको अनुभूतिमा लेखिकाले जीवनमा पहिलो विदेश भ्रमण गरेको देश थियो थाइल्याण्ड । सन् २००५ मा उनी थाइल्याण्ड पुगेकी थिइन् । त्यति वेला त केवल एक हप्ताको भ्रमण थियो पर्यटकका रुपमा । मुख्य सहर र पर्यटकीय क्षेत्रमा अङ्ग्रेजी भाषा प्रयोग गरिने भएकाले खासै समस्या परेन भनेर लेखिएको छ ।

भियतनाममा मायाको भाषा शीर्षकभित्र थाइल्याण्ड बसेर शिक्षण पेशा गर्दै गर्दा एक पटक भियतनामको हो चि मिण्ड सहर जसलाई साइगोन सहरका रुपमा पनि चिनिन्छ जाने मौका शैलीको मिल्यो । २०१८ को मे महिनामा पहिलोपटक साइगोन सहर को टिआइए एअरपोर्टमा जहाजमार्फत उनले अवतरण गरिन् । अन्त्यमा सरिता शैलीको यो पहिलो कृति सबै पाठकले एकपटक पढ्दिन आग्रह गर्न चाहान्छु ।

कृति: पहिलो प्रेम,
लेखक: सरिता शैली
प्रकाशक: लेखन कुञ्ज, थापागाउँ,
सम्पादक: पूर्ण ओली
प्रथम संस्करण: २०८२ फागुन,
मूल्य: रु.४६०।-, पृष्ठ: १८४



देशका लागि मर्नुपरे मर्नुपर्छ साथी



सयपत्री र मखमली फुले होलान् गाउँमा
धानका बाला लहलह झुले होलान् गाउँमा
परदेशीएको भाइलाई सम्झेर दिदीबहिनी,
बिगतको तिहार कसरी भुले होलान् गाउँमा ।

- कला ढकाल झापा



मुटु खोज्दै हिँडिरहें, आफ्नै छातीभित्र हराएँ,
हाँसोको पर्दा ओढेर, आँसुका सहरमा कराएँ
जसलाई आफ्नो ठानें, उसैले पराइ बनायो,
मुटु त त्यहीँ रहेछ, जहाँ म आफैँलाई गुमाएँ ।

- अर्जुन अधिकारी



एकछाक छोड्नु मृत्युको खवर सुन्दा
सम्बन्ध तोड्नु मृत्युको खवर सुन्दा
नझार्नु अश्रुधारा ती याँदहरू सम्झिएर
दुख्ला मनवाटै मोड्नु मृत्युको खवर सुन्दा ।

- विद्या भण्डारी



हिजो जस्तो छ बरै त्यसैमा रमाउन देउ
चड्न खोज्दैछ कोही हात समाउन देउ
के लानु छ र कहाँ नतान खुट्टा कसैका
कमाउछ भने उ इतिहास कमाउन देउ ।

- गंगा दहाल

एक थान फोन सम्पर्कमा आउने वेला भयो,
मनका दूरी मेटी, आत्मीयता छाउने वेला भयो,
ती दिन, ती रातहरु बितेको पत्तै नपाउने गरी,
भाइचारा मित्रताको रङ्गमा रमाउने वेला भयो ।



–के. निरज कुमार माझी

बोलु बोलु जस्तो लाग्छ बोली फुट्दैन
के भनेर बोलाउँ उपयुक्त शव्द नै जुट्दैन
यस्तो अवस्थामा पो भेट भयो यहाँ हाम्रो
भनुभनुँ लागे पनि मुखवाट बोली छुट्दैन !



- पवन कुमार बुढाथोकी

अनुभव भन्छन्नी त्यो वुढा जस्तो केटा हुँदैन
शीरमै वस्छ तर टोपी जस्तो फेटा हुँदैन
क्षितिजपारी सम्मको परिक्रमा गर्छ एकलै
उड्छ सँधै त्यो तर मन जस्तो पखेटा हुँदैन ।

- उदय लामा, सिक्किम

वसन्त आयो महकिन थाल्यो सुवास चौतर्फ
भवरा खुशी भै घुम्न थाल्यो मस्तभै चौतर्फ
सुवासै सुवासले महकियो सारा वगैंचा
मानव मन पनि घुम्न थाल्यो खुशीले चौतर्फ ।



- गंगा लिगल





सम्पादक/प्रकाशक — राजन कार्की
Editor/Publisher — Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np

सम्पादकीय

लोकतन्त्र र जनयुद्धको परिणाम के ?

बहुदलको परिणाम त कालरात्रि सावित भएकै हो । त्यसपछि लोकतन्त्र र जनयुद्धको परिणाम के देखियो त ? जसरी बहुदल सराप सिद्ध भयो, त्यसैगरी लोकतन्त्र र जनयुद्ध पनि देशका लागि सराप नै सिद्ध हुनुपरेको हो । अब नयाँ पुस्ताले केही गर्छ भन्ने जनतामा ऐतिहासिक जुन उत्साह देखिएको थियो, त्यो उत्साह शनैः शनैः घटेर जाँदो छ । कतै ऐतिहासिक भनेर विश्व चर्चित भएको नयाँ पुस्ताले चलाएको नेपाल सरकार पनि सराप सिद्ध नै हुने त होइन ?

भारतले साक्षी पठाएको थियो बेदान्ताचार्य करण सिंहलाई । आन्दोलनलाई परिणाममा पुऱ्याउने राजालाई मरेको संसद ब्यूँताउन बाध्य पारियो । ०६३ साल वैशाख ११ गते संसदको भूत ब्यूँतिएपछि जग बसेको थियो लोकतन्त्रको । जनयुद्धकारी माओवादी पनि लोकमय बन्न राजीभएको पूर्वाइन्द थियो त्यो समझदारी । ५ बुँदे समझदारीमा लेखिएको थियो, कुनै पनि प्रकारको राजतन्त्रको निरन्तरता हुनेछ । तर राजासँग सम्झौता गर्ने ७ दलले त्यो परिवर्तनपछि मुख मोड्दै गए र २०६५ साल जेठ १५ गते नेपाललाई धर्मनिरपेक्षता र गणतन्त्रतिर उन्मुख गराए ।

समयक्रममा माओवादीसहितका राजनीतिक दलहरु लोभीपापी निस्किए, स्वार्थलम्पट हुनपुगे, भ्रष्टाचारमा रमाउन थाले । लोकतान्त्रिकतन्त्र भाँडभैलोतन्त्रमा परिणत हुनपुग्यो । ०५२ फागुन १ गतेदेखि २०६२ साल मंसिर ५ गतेसम्मको १० वर्ष ९ महिना ५ दिन लामो जनयुद्ध र १९ दिन जनआन्दोलनमा १३ हजार २ सय ७४ नागरिक मारिए, १ हजार २ सय बेपत्ता भए, हजारौंहजार बेसहारा, अन्धअपाङ्ग बने, अरबौंका विकासका आधारहरु ध्वस्त पारिए, किन ? कुन औचित्यका लागि ? केही जननेता नामधारी महारथीहरुलाई सत्तालिप्सामा टाँस्सिने र कौडी पिचास बनाउनेका लागि ? यो ऐतिहासिक परिवर्तनमा निर्णायक बनेका जनताको भागमा आँसु, पीडा, डाहा र छटपटीमात्र पऱ्यो, ती जनता आज पनि आँसुको पोखरीमा डुबिरहेका छन् । कैयौं मरिसके, कैयौं असरल्ल जीवन बाँचिरहेका छन् । आज पनि जनयुद्धका घाउ निको पार्नीतिर कोही पनि लागेका छैनन् । लोकतन्त्र लोकतन्त्र भनेर फलाक्ने तत्कालीन ठूला दलहरुलाई अलिकति पनि लज्जाबोध देखिदैन ।

जब राजनीतिमा इमान र लोकलज्जा रहँदैन, त्यो राजनीति नभएर व्यापार हुनजान्छ । हो, ०४६ सालदेखि ०८२ सालसम्म शितल निवासमा रजगज गरेकाहरु व्यापारी राजनीतिज्ञहरु थिए । व्यापारीका लागि मुनाफा महत्वपूर्ण हुन्छ । उसलाई न्याय अन्यायको छयानव्यान रहन्न । अचम्म त के छ भने २०६३ को परिवर्तनपछि सबैभन्दा बढी समय सत्तामा हुलीमली गर्ने कम्युनिष्टहरुले राजनीतिलाई व्यापार बनाए । व्यापार गरे । प्रजातन्त्रको विडा उठाउने भनेर नाक फुलाइरहने काँग्रेसले आफ्नो नीति सिद्धान्त र निष्ठालाई समेत दाउमा राखेर कम्युनिष्टलाई साथ दिइरहे । जनताका प्राथमिक हकअधिकार शिक्षा, स्वास्थ्य, रोजगारीमा समेत यी दलहरुले व्यापार चलाए र आज अधिकांश काँग्रेस, कम्युनिष्टका नेताहरु सम्भ्रान्त छन्, नवसामन्तको जीवन यापन गरिरहेका छन् । तथापि काँग्रेस, कम्युनिष्ट समाजवाद, सर्वहाराबादको नारा फालेकर थाक्दैनन् । नेपालमा काँग्रेस कम्युनिष्ट बदनाम मात्र छैनन्, तिनको जनविश्वासको स्तर तिनकै जनविरोधी कृयाकलापले घट्दो ।

गतसालको जेनजी विद्रोहको कारण पुराना दलहरु नै हुन् । तिनको अकर्मण्यताको साइडइफेक्ट थियो जेनजी विद्रोह । त्यो यस्तो विद्रोह थियो, जसले बहुदल, लोकतन्त्रको जगै उखेलिदियो । यसपछि आयो नयाँ पुस्ताको लहर । चुनावमा जनताले नयाँ पुस्तालाई वरण गरिदियो । लावण्यजस्तो नेपाल देशको राजा त बने बालेन साह, तर जनताको राजा बन्न सक्छन् कि सक्दैनन्, त्यो परीक्षा सुरु भएको छ । जनयुद्ध र लोकतन्त्रको परिणाम त भ्रष्टाचार र अनैतिकता भयो । नयाँ पुस्ताको सरकारले दिने परिवर्तन सुशासन हुन्छ कि हुन्न ? जनताले खोजेको रोजगारी, समृद्धि, राहत र शान्ति बन्छ कि बन्दैन ? समय कम छ, नयाँ पुस्ता- परिवर्तन देखाउ ।

नेपाल–भारत, सीमाविवादको डढेलो निभ्ला ?



नेपालको चुच्चेनक्सा अर्थात् कालापानी, लिपुलेक र लिम्पियाधुराको भूभागलाई भारतले आफ्नो नक्सामा मिलाएको ७ वर्ष भइसक्यो ।

पुराना दलका नेताहरुले आफैलाई लोकतन्त्र भन्ने, आफूले जे गरे पनि लोकतान्त्रिक ठान्ने, तिनले जिब्रो तालुमा टाँसेर बसेकाले भूभाग गुम्यो ।

नयाँ सरकार आएको ८ महिना भयो । प्रम बालेन साह भारत जादैछन्, नेपाली भूभागका विषयमा, सीमा अतिक्रमणका बारेमा प्रमाणसहित छलफल गर्नुपर्छ र नेपाली सार्वभौमिकताका पक्षमा उभिनुपर्छ । प्रमाण नै देखाएपछि भारतले नमान्ने कुरै छैन, धर नै पाउने छैन ।

प्रम बालेनले तेस्रो पक्षको सहयोग खोज्ने एक वाक्यमा भारत हल्लियो । भारतले ठूलै कूटनीतिक तरङ्ग झेल्यो र नेपालमाथि दबाब बढायो । हो, नेपालले बेलायतसँग गुहार लगायो भने १९४७ मा बेलायतले भारतलाई छाडेर जाँदा गरेको सम्झौता ब्यूँतिन सक्थ्यो, येटर नेपालको मुद्दाले विश्व प्रभावित हुनेथियो । तर पछि प्रम बालेनले तेस्रो पक्ष खोजेको होइन, केही प्रमाण भए उपलब्ध गराउन भनेको बताएपछि भारत चुपभयो ।

सायद यहीकारण भारतले नेपालका प्रम बालेन साहलाई निकै सकस गरेर भारत भ्रमणको लागि मनाएको छ । अर्थपूर्ण भ्रमणमा जाँदै गएका प्रम बालेन साहले नेपाल भारतबीचका सबै समस्याका विषयमा गम्भीर छलफल गर्नुपर्छ र भोलिका दिनमा नेपालीले भारतीय कहर खेप्नुनपर्ने वातावरण सिर्जना गर्नुपर्छ । यस्तो वातावरण राजनीतिक सहमति मै हुनसक्छ र यो अवसरलाई नेपालका पक्षमा प्रम बालेन साहले उभिन सक्छन्, समाधान निकाल्न सक्छन् ।

२०४६ को परिवर्तनपछिका कुनै पनि सरकारले यति ठूलो मान र मान्यता पाएको थिएन, जुन प्रम बालेन सरकार ले भारतबाट पाएको छ । प्रम बालेनले रामरी बुझेका छन्- भारतसँग समन्वयकारी भूमिका कसरी निर्वाह गर्ने, समानताको हैसियतमा कसरी आफूलाई स्थापित गराउने र नेपाल र नेपालीले चाहेको विषयमा कसरी भारतलाई मनाउने ? यो भ्रमण नेपालका लागि ऐतिहासिक सावित हुनसक्छ । नेपालको सिंहदरबारलाई दिल्लीमा बुझाउनेहरुलाई प्रम बालेन साहले नेपालको राज्यशक्ति र सिंहदरबार नेपालमा फर्काएर राजनीतिक र कूटनीतिक जवाफ दिनसक्छन् । एकपल्ट फेरि पुराना दलहरुलाई परास्त गर्ने अवसर छ प्रम बालेन र रास्वपाका साम्नु ।

हिजोका दिनमा हल्ला बढी भयो । ३७ वर्षको बहुदल र १९ वर्षको गणतन्त्रमा सीमा विवाद सल्कियो मात्र, समन भएन । नयाँ सरकार बनेको ८ महिना हुँदैछ, संसदमा सीमा विवादमा प्रतिपक्षी दलहरू हल्ला बढी गरिरहेका छन् । सरकारलाई सुझाउने, शक्ति दिने र समाधान गर्न सामार्थ्य प्रदान गर्ने कार्य विपक्षीले गरेनन् । कसरी सरकारलाई असफल पार्ने भन्ने एकसूत्रीय अभियान चलाउँदा सत्तापक्षलाई लिपुलेक, लिम्पियाधुरा, कालापानी विवादमा कूटनीतिक चातुर्य, संवादको रणनीति जरूरी छ, भारत जान लागेको प्रम बालेनलाई समर्थन र सुझावको जरुरत छ, बुझेको खोई ?

नेपाली काँग्रेस संसदीय दलका उपनेता अभिषेक प्रताप शाहले १४ मे मा संसदमा लिपुलेक र लिम्पियाधुराका मुद्दा उठाए । उनले वर्तमान रास्वपा सरकारलाई प्रश्न गर्दै भने, "भारत पक्ष समाधानमुखी वार्तामा लागि तयार हुँदा पनि नेपालले किन पहल गरेको छैन ?"

शाहले थपेका थिए "राष्ट्रवाद अभ्यास गर्नुपर्छ, केवल सामाजिक सञ्जालमा प्रदर्शन मात्र होइन ।" सांसद शाहले यो भनाइ भारत र चीनसँग सम्बन्धित हालका घटनाक्रमलाई ध्यानमा राखेर गरेका थिए । तर अब प्रम बालेन साह भारत जादैछन्, यो बेला काँग्रेस, एमाले, नेकपाको सकारात्मक सोच र सहयोगी भावना खोई ?

राजनीतिक झगडा जति गरे पनि हुन्छ, देशको सवालमा एक हुनुपर्ने बेलामा सरकारको विरोध गर्नु भनेको राष्ट्रलाई कमजोर पार्ने षड्यन्त्र होइन र ?

भारतलेचीनसँग लिपुलेकलाई सीमा-पार व्यापार र कैलाश मानसरोवर यात्राका लागि चेकपोइन्टको रूपमा प्रयोग गर्ने सहमति गरेपछि, नेपालका परराष्ट्र मन्त्रालयले दुवै देशलाई औपचारिक कूटनीतिक नोट पठायो । सन २०१५ मे १५ मा व्यापार र अहिले व्यापार र कैलाश मानसरोवर यात्रा पुनः सुरू गर्ने सहमति गरेका हुन् । यसका लागि भूभागको हकदार नेपाललाई सोधिएन ।

वास्तवमा, यो क्षेत्रको स्थिति लामो समयदेखि विवादित रहँदै आएको छ– नेपाल-अंग्रेज युद्धको समयमा, चीनले तिब्बतलाई आफ्नो अधीनमा ल्याउँदा, र १९६२ को चीन-भारत युद्धको समयमा । त्यसपछि अहिलेसम्म नेपालले भारतसँग यस विषयमा सार्थक कूटनीतिक वार्ता गर्न सकेको छैन । चीनले पनि लिपुलेक पासमा भारतका नियन्त्रणलाई व्यापक रूपमा स्वीकार गरेको देखिन्छ, जुन आपत्तिजनक छ, किनकि लिपुलेक नेपाली भूभाग हो ॥





राजतन्त्रदेखि गणतन्त्रसम्म, नेपालले लिपुलेक मुद्दामा विश्वसनीय कूटनीतिक शक्ति देखाउन सकेन। संविधान संशोधन गरेर लिम्पियाधुरा, लिपुलेक, र कालापानीलाई राष्ट्रिय नक्सा र प्रतीकमा समावेश गरे पनि, यसले राजनीति गर्ने बाटो खोल्यो, नेपाली भूभागको सुरक्षा गर्न सकेन ।

२०१५ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको चीन भ्रमणका क्रममा भारत-चीनले लिपुलेक पासमार्फत व्यापार गर्ने सहमति गर्दा चीनले समेत नेपालको बेवास्ता गर्नु भनेको चीनको बदलिदो नीति त होइन भन्ने प्रश्न थियो ।

१९५४ को चीन-भारत व्यापार तथा तिब्बत क्षेत्रसँगको अन्तरक्रिया सम्झौतामा व्यापारी तथा तीर्थयात्रीहरूले शिपकी ला र लिपुलेकसहितका पास प्रयोग गर्न सक्ने उल्लेख गरिएको थियो । १९६२ को चीन-भारत युद्धपछि दुवै देशबीच सम्बन्ध विग्रियो र लिपुलेक क्षेत्रमा वर्षौंसम्म कुनै संचार भएन । यद्यपि लिपुलेक क्षेत्र केही समयका लागि भार तलाई सैनिक व्यारेक बनाउन नेपालले दिएको भए पनि त्यसलाई भारतले आफ्नै बनायो, नक्सामा सामेल गऱ्यो । जुन विस्तारबादको दृष्टान्त हो ।

चीन र भारतका नेताहरुले पटक पटकको आवत जावतमा लिपुलेकलाई पारस्परिक रूपमा व्यापार गर्ने नाकाका रुपमा मान्यता दिने काम गरेका थिए । नेपालले लिपुलेक, कालापानी क्षेत्र नेपालको हो भनेर नक्सामै रहेको र भोगाधिकार हुँदा विस्तारै विस्तारै भारतले ती नेपाली भूभागालाई आफ्नो बनाएको हो ।

१९९८ मा पत्रकार सुधीर शर्माले बुधवार साप्ताहिकमा ऋषिकेश शाहलाई सोधेका थिए- "कालापानीमा भारतीय सेनाको उपस्थिति किन यति ठूलो रूपमा बेवास्ता गरिएको होला ?"

शाहको जवाफ थियो- "त्यतिबेला राजा महेन्द्र सत्तामा थिए । हो, म मन्त्री परिषदमा थिएँ, तर परराष्ट्र मन्त्री होइन । जब मैले राजासँग मुद्दा उठाएँ, उनले भने यो मेरो चासो वा मन्त्रालयको विषय होइन, त्यसैले मौन बस्नुपर्छ ।"

राजाविरोधीहरु १९६० मा राजा महेन्द्रले कू गरेर पञ्चायत लादेपछि र राजा निरंकूश थिए भनेर राजतन्त्रको विरोध गर्नमा सिमित छन् । राजाले केही समयका लागि भारतलाई कालापानीको हकाधिकारमा ल्याउन सकेनन् । भारतको हैकम चलिरह्यो र ७ वर्षअघि भारतले संविधान नै संशोधन गरेर ती क्षेत्र भार तको नक्सामा समावेश गरेको हो ।

कुनै पनि बहुदल, लोकतान्त्रिक सर कारले चुच्चेनक्साको क्षेत्रका बारेमा भार तसँग आँखा जुधाएर प्रमाण पछार्न र नेपालको हो भन्ने हिम्मत गरेनन् । भार त रिसाउँछ, चुनाव हारिन्छ, सत्ता खोसिन्छ भनेर दलपतिहरुले नेपाली भूभागबारे मुख कहिल्यै खोलेनन् ।

नेपाली जनताले चुच्चेनक्साको विषयमा मुद्दा बनाएर प्रदर्शन गर्न थालेपछि राजनीतिक दलहरु एक भएर सन २०२० मा, केपी ओली नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी सरकारले नयाँ राजनीतिक नक्सा–"चुचे नक्सा" संविधानमा समावेश गरे । असलमा नेपालको पुरानो नक्सामा कायम रहेको र ०३२ सालसम्म पाठ्यक्रममै रहेको चुच्चेनक्सा बहुदलवादीहरुले कसरी मेटाए, कसको के चाख थियो भन्ने प्रश्न आज पनि कायमै छ ।

संविधान संशोधन गरेर नक्सा समावेश गरियो तर भूभाग भारतकै अधिकारमा रह्यो, रहिरहेको छ । जनगणना गर्दासमेत सरकारले ती क्षेत्रका नेपालीको तथ्य लिन सकेन । नक्सामा चुच्चे नक्साको भाग नेपालमा देखिन्छ, अधिकार भारतले जमाएको छ ।

कालापानी, लिम्पियाधुरा, र लिपुलेकका मुद्दाहरूलाई नक्सामा र सामाजिक सञ्जाल सामग्रीमा सीमित गर्नु हुदैन । नेपालले सावधानीपूर्वक र कौशलपूर्ण कूटनीतिक तयारीसहित ऐतिहासिक प्रमाणमा अघि बढ्नुपर्छ ।

हो, नेपालसँग चुच्चे नक्साको भूगोललाई नेपालको अकाट्य भूमि हो भनेर प्रमाणित गर्ने पर्याप्त प्रमाण छन् । यो विषयलाई प्रम बालेन साहले भार तका शासकहरुसँग खुला रूपमा छलफल गर्नुपर्छ । नक्सामा सामेल गराएको र राजनीतिक स्टण्टबाजीले भूगोल फर्कनेवाला छैन । ती भूभाग नेपालको भोगाधिकार पनि रुपान्तरण गर्नसक्ने ल्याकत हिजोका शासकहरुसँग थिएन, आजका युवा शासकहरुमा हुनुपर्छ । निर्णायक संवाद गरेर आफ्नो भूभाग आफै बनाउन सक्नुपर्छ । यसका लागि बलियो सरकार छ, बलियो सरकारसँग जनताको जनादेश छ, नेपाली एकता र राजनीतिक बल पनि दिनुपर्छ । मात्र आलोचना गर्ने र विरोधका लागि बिरोधमात्र गर्नु भनेको राजनीतिक दाउपेचमात्र हुनेछ, विपक्षीहरुलाई यसको सही ज्ञान हुनुपर्छ । विपक्षी दलहरु र बालेनको धुर्वाधार बिरोध गर्नेहरुमा कति राष्ट्रिय भावधारा छ, त्यो प्रम बालेनको यही भारत भ्रमणमा देखिन पक्का छ ।

हिजो जति जटिल मुद्दा थियो यो, आज त्यति जटिल छैन । नेपाली एकताको बल प्रम बालेनले पाए भने सीमा विवादका सबै मुद्दाहरुको छिनोफानो प्रम बालेनको यही भारत भ्रमणबाट सल्टिनेछ ।

बालेन सरकार हिजोका जस्तो र जनीतिक स्वार्थमा अड्केको सरकार होइन, न त अल्पमतका र जोडजाड सर कार हो । यो सरकारसँग सिङ्गो नेपालको समर्थन र साथ रहेको छ ।

हिजोका स्वार्थ र भ्रष्ट नेताहरु भएका कारण तिनले नेपालको सीमा समस्या र अन्य जटिल विषयहरुमा सार्थक कूटनीतिक वार्ता गर्न सकेका थिएनन् । उल्टै नेपालका नदीनाला र अन्य प्राकृतिक साधनस्रोत, राजनीतिक हैसियत, निर्णायकत्व समेत भारतलाई सुम्पिएका थिए । अब नेपालले नेपालीत्व र नेपालको सार्वभौमिकता स्थापित गर्ने बेला आयो ।

निश्चित रुपमा एसियाका २५ देशहरु सीमा समस्यामा जकल्लिएका छन् । खासगरी भारतसँग हरेक सीमा जोडिएका मुलुकहरु बीच सीमा समस्या छ । अब भारतले पनि आफ्नो सोच बदल्नुपर्ने छ, अन्यथा भारत विश्वशक्तिको हार हारीमा उभिन सक्नेछैन । धेरै देशहरुले आफूबीचका सीमा समस्या समाधान गर का छन्, संवादकै साधनले नेपालले पनि भारतसँग सार्थक संवाद गरेर नेपाल भार तवीचका सीमा र अन्य विवादहरुको अन्त गर्नुपर्छ । यसको दायित्व वर्तमानले प्रम बालेनको काँधमा हालिदिएको छ ।

भन्नलाई २ प्रतिशत सीमा विवाद बाँकी छ भनिए पनि त्यो सही होइन । हिजोका भारतमुखी सरकारहरुले जे पनि भने, गरे । अब १९५० को सन्धिदेखि महाकाली र अन्य सन्धिहरुको समेत पुनर विवलोकन गरेर सम्बन्धलाई नयाँ मार्गमा सुमधुरता ल्याउनुपर्नेछ । प्रम बालेनले भनेकै छन्- सँगै बसेर समस्या सुल्झाइनेछ । प्रम बालेन, रास्वपा र नेताहरु कति साहसी र योग्य छन्, परीक्षा सुरु भयो ।

रास्वपा राजनीतिक नयाँ भावधाराको नयाँ शक्ति हो होइन, यो राष्ट्रवादी छ छैन, यसको पनि परीक्षा हुँदैछ ।

छठ ऐतिहासिक, धार्मिक विश्वास र पर्यावरणीय महत्व





डा. केदार कार्की

छठ पर्व नेपाल र भारतका उत्तर ीय क्षेत्रमा हिन्दूहरूले मनाउने एक महत्त्वपूर्ण पर्व हो । यो पर्वमा षष्ठी भगवतीको पूजा अर्चना गरी पुत्र, पति र परिवार, देशको समेत कल्याणको कामना गर्ने गरिन्छ ।

नेपालको विशेष रूपले तराई (मधेश) क्षेत्रमा श्रद्धा एवं भक्तिपूर्वक यो पर्व मनाइन्छ । यस पर्वको अवसरमा पञ्चमीका दिनदेखि व्रत बस्ने महिला तथा पुरुषले निष्ठापूर्वक पवित्र जलाशयमा स्नान गरी बेलुकीपख दूध, चामल र सख्खरको खीर पकाई प्रसादको रूपमा आफूले खाने र व्रत नबस्ने परिवारका सदस्यलाई पनि खाउने चलन छ । पर म्परा अनुसार छठका दिन साँझ अस्ताउँदो सूर्यलाई जलाशयमा उभिएर पूजासहित अर्घ दिएपछि रातभर नदी तथा तलाउ किनारमा बसी भजनकीर्तन गर्दै भोलिपल्ट सप्तमीका दिन विहान उदाउँदो सूर्यलाई पुनः अर्घ दिई पूजा विसर्जन गरिन्छ ।यश पर्वमा मुस्लिम समुदायका व्यक्तिले पनि सहभागी हुन्छ र यो पर्व विधिवत मनाउछ । पवित्र मनले छठ पर्व मनाउँदा पारिवारिक कल्याण, सन्तानसुख तथा मनोकामना पूरा हुने विश्वास गरिन्छ ।

सृष्टिको सुरूवातदेखि नै सूर्यको उपासना गरिदै आएको पाइन्छ । अग्नि पुराणमा पनि षष्ठी व्रतको प्रसँग उल्लेख छ । चौध वर्षको वनवास र एक वर्षको अज्ञातवास बसेको बेला कुन्ती, द्रौपदी सहित पाण्डवले यो व्रत गरेको वर्णन महाभारतमा पाइन्छ । त्रेता युगमा र ाजा दशरथकी रानी कौशल्याले पनि यो व्रत गरेको बताइन्छ ।

कार्तिक महिनामा मनाइने छठलाई ठूलो छठ भनिन्छ । चैतको षष्ठी तिथिमा पनि केही ठाउँमा यो पर्व मनाइन्छ ।

ऋग्वेदमा सूर्यलाई समस्त शक्तिको स्रोत मान्दै उपासना गरिएको उल्लेख पाइन्छ ।

महाभारत कालमा कुन्तीले सूर्यको आराधना गरी कर्णलाई प्राप्त गरेको र द्रौपदीले पाण्डवहरूको संकट निवारणका लागि छठ व्रत बसेको किंवदन्ती छ ।भगवान् राम र माता सीताले लंका विजय गरी अयोध्या फर्किएपछि रामर ाज्य स्थापनाको खुसियालीमा कार्तिक शुक्ल षष्ठीका दिन सूर्यको उपासना गर्दै व्रत बसेको जनविश्वास छ ।प्राचीन कालमा कृषिमा आधारित समाजले अन्नबाली भित्र्याएपछि प्रकृति र सूर्यप्रति हार्दिक कृतज्ञता व्यक्त गर्न यो पर्व सुरु गरेको मानिन्छ ।

यस पर्वमा उदाउँदो र अस्ताउँदो दुवै सूर्यलाई अर्घ्य दिइन्छ । अस्ताउँदो सूर्यलाई अर्घ्य दिनुले जीवनको उतार चढावलाई स्वीकार गर्ने र उदाउँदो सूर्यलाई अर्घ्य दिनुले नयाँ आशा र ऊर्जाको स्वागत गर्ने सन्देश दिन्छ । छठी माता (प्रकृतिको छैटौं अंश र सन्तानकी रक्षिका देवी) को व्रत बस्नाले सन्तान प्राप्ति, दीर्घायु, सुस्वास्थ्य र पारि वारिक सुख-शान्ति प्राप्त हुने धार्मिक विश्वास छ । चार दिनसम्म मनाइने यस पर्वमा (नहाय-खाय, खरना, सन्ध्या अर्घ्य र विहानी अर्घ्य) व्रतालुहरूले ३६ घण्टासम्म निर्जल व्रत बसी अत्यन्तै शुद्धता र नियम पालना गर्छन् ।

कार्तिक महिनाको शीतल मौसममा विहान र बेलुकाको सूर्यको किरणमा बस्नाले शरीरमा प्राकृतिक रूपले भिटामिन ;डी; संश्लेषण हुन्छ । यसले हड्डी बलियो बनाउनुका साथै छालाका रोगहरू निको पार्न र रोग प्रतिरोधात्मक क्षमता बढाउन मद्दत गर्छ ।व्रत बस्ने र सात्विक भोजन (लसुन, प्याज र मांसाहार त्याग) गर्ने प्रक्रियाले पाचन प्रणालीलाई आराम दिन्छ । निर्जल व्रतले शरीरका विषाक्त तत्त्वहरू बाहिर निकाल्न सघाउँछ ।पानीमा उभिएर सूर्यको ध्यान गर्दा र मन्त्रोच्चारण गर्दा

मानसिक तनाव कम हुन्छ र आत्मसंयम बढ्छ ।

छठ पर्व नदी, तलाउ, पोखरी वा नहरको किनारमा मनाइन्छ । पर्व आउनुअघि स्थानीय समुदायले सामूहिक रूपमा जलाशय र घाटहरूको सरसफाइ गर्छन्, जसले जलस्रोतको संरक्षणमा ठूलो योगदान पुऱ्याउँछ । छठको पूजामा प्लास्टिकका सामानको सट्टा माटोको दियो, बाँसको नाङ्लो, कोनिया, केराको पात, उखु, अदुवा, बेसार र स्थानीय फलफूलहरू प्रयोग गरिन्छ । यी सबै सामग्री जैविक र वातावरणमैत्री हुन्छन् ।

आजको आधुनिक समाजमा छठ पर्व क्षेत्रीय सीमा नाघेर राष्ट्रिय एकताको प्रतीक बनेको छ । छठ घाटमा धनी-गरिब, कथित उच्च-निच जात र तर ाई-पहाडका समुदाय एउटै लहरमा उभिएर पूजा गर्छन्, जसले सामाजिक भेदभाव अन्त्य गर्न सन्देश दिन्छ ।व्यस्त र तनावपूर्ण आधुनिक जीवनमा छठको व्रत र विधिले मानिसलाई प्रकृतिसँग जोडिन, अनुशासित जीवनशैली अपनाउन र मानसिक शान्ति प्राप्त गर्न प्रेरित गर्छ ।युवा पुस्तामाझ पनि छठको आकर्षण बढ्दो छ, जसले मौलिक लोकगीत, कला र परम्परागत ज्ञानलाई जोगाइराख्न मद्दत गरेको छ ।

धार्मिक समाजमा छठ पर्व एउटा अत्यन्तै महत्त्वपूर्ण र पवित्र चाड हो, जसमा सूर्य देवको उपासना गरिन्छ । यस पर्वको ऐतिहासिक मान्यता र धार्मिक विश्वास त छ नै, सँगै यसको वैज्ञानिक, स्वास्थ्य र पर्यावरणीय महत्त्व पनि उत्तिकै गहिरो छ । आजको आधुनिक सन्दर्भमा, जहाँ हामी स्वास्थ्य र वातावरणप्रति बढ्दो चिन्तित छौं, छठको प्रासंगिकता झन् बढेको छ । गरिमामय छ ।

यहाँ छठको विभिन्न पक्षमा विस्तृत चर्चा गरिएको छ:

१. ऐतिहासिक र धार्मिक विश्वास

ऐतिहासिक मान्यता: छठको उत्पत्तिबारे धेरै मान्यताहरू छन् । एउटा प्रमुख मान्यता अनुसार, यो पर्व महाभार त कालसँग जोडिएको छ । सूर्यपुत्र कर्णले पहिलो पटक सूर्यको उपासना गरी विशेष शक्ति र अभेद्य कवच प्राप्त गरेको विश्वास गरिन्छ ।

त्यसै गरी, द्रौपदीले पनि पाण्डवहरूको राज्य फिर्ताको लागि छठ व्रत बसेको मान्यता छ ।

धार्मिक विश्वास: धार्मिक रूपमा, छठमा सूर्य देवको मात्र नभई उनकी पत्नी उषा र प्रत्यूषा (अस्ताउँदो र उदाउँदो किरण) को पनि पूजा गरिन्छ । छठ मातालाई सूर्यको शक्ति र पोषणको प्रतीक मानिन्छ । यो विश्वास गरिन्छ कि छठको विधिपूर्वक व्रत बस्नाले र पूजा गर्नाले सन्तान सुख, आरोग्य, र समृद्धि प्राप्त हुन्छ । सूर्यलाई सबै शक्तिको स्रोत मानिन्छ, जसले जीवनलाई ऊर्जा प्रदान गर्छ र रोगमुक्त बनाउँछ ।

२. वैज्ञानिक महत्त्व

छठको वैज्ञानिक आधार पनि उत्तिकै बलियो छ, विशेष गरी सूर्यको किरण र मानव शरीरको सम्बन्धमा ।

सूर्यरश्मिको फाइदा: छठमा अस्ताउँदो र उदाउँदो सूर्यलाई अर्घ्य दिने परम्परा छ ।

यस समयमा सूर्यको किरणहरू सिधा शरीरमा पर्छन्, जसले शरीरमा मेलानिन र भिटामिन डी को सन्तुलन मिलाउन मद्दत गर्छ ।

रोग प्रतिरोधात्मक क्षमता: विहान र बेलुकाको सूर्यको किरणमा रहने अल्ट्राभायोलेट किरणहरू कम हुन्छन् र दृश्य किरणहरू बढी हुन्छन् । यस्तो किरणले छालाको रोग निको पार्ने, आँखाको ज्योति बढाउने, र समग्र रोग प्रतिरोधात्मक क्षमतालाई बलियो बनाउने वैज्ञानिक मान्यता छ ।

मानसिक र शारीरिक सन्तुलन: सूर्यको प्रकाशले शरीरको सिरकाडियन रिदम (जैविक घडी) लाई नियमित गर्छ, जसले निद्रा र जाग्ने प्रक्रियालाई सन्तुलनमा राख्छ । यसले मानसिक तनाव कम गर्न र शारीरिक ऊर्जा बढाउन मद्दत गर्छ ।

३. स्वास्थ्य र पर्यावरणीय महत्त्व

प्राकृतिक स्रोतको संरक्षण: छठ मुख्यतया नदी, ताल, वा पोखरीको किनारमा मनाइन्छ । यसले मानिसहरूलाई प्राकृतिक जलाशयहरूको महत्त्व र संरक्षणप्रति सचेत बनाउँछ । छठको समयमा जलाशयहरूको सर सफाइ गर्ने परम्परा छ, जसले वातावर णीय स्वच्छतामा योगदान पुऱ्याउँछ ।

पर्यावरणीय सचेतना: छठमा प्रयोग गरिने पूजाका सामग्रीहरू जस्तै, बाँसको टोकरी, सुपा, फलफूल, र मिठाका भाँडाहरू सबै प्राकृतिक र जैविक रूपमा विघटनशील (Biodegradable) हुन्छन् । यसले प्लास्टिक र अन्य हानिकारक सामग्रीको प्रयोगलाई कम गर्छ । यसले पर्यावरणमैत्री जीवनशैलीलाई प्रवर्द्धन गर्छ ।

स्वास्थ्य लाभ: छठको ३६ घण्टा लामो निर्जला व्रतले शरीरलाई डिटक्सिफिकेसन (विषरहित) गर्न मद्दत गर्छ । यसले पाचन प्रणालीलाई आराम दिन्छ र शरीरको आन्तरि क सफाइमा योगदान पुऱ्याउँछ । व्रतको समयमा गरिने ध्यान र प्रार्थनाले मानसिक शान्ति र एकाग्रता बढाउँछ ।

४. आजको सन्दर्भ र चुनौती

आजको आधुनिक विश्वमा छठको महत्त्व अझ बढेको छ । जलवायु परिवर्तन र वातावरणीय प्रदुषणको सामना गरिरहेको बेला, छठको प्रकृति-केन्द्रित दृष्टिकोणले

हामीलाई प्राकृतिक सन्तुलनको महत्त्व सिकाउँछ । स्वास्थ्य र तनाव व्यवस्थापनको चुनौती सामना गर्न, छठको व्रत र ध्यानको विधि प्रभावकारी हुन सक्छ । यद्यपि, आजका चुनौतीहरू पनि कम छैनन्, जलाशयको प्रदुषण: धेरै सहरहरूमा जलाशयहरू प्रदुषित छन्, जसले छठको पवित्रता र स्वास्थ्यमा असर पुऱ्याउँछ ।

बदलिँदो जीवनशैली: आधुनिक जीवनशैली र व्यस्तताका कारण कतिपय मानिसहरू छठको कठिन व्रत र विधिलाई पालना गर्न असमर्थ हुन्छन् ।

निष्कर्षमा, छठ एउटा यस्तो पर्व हो जसले धर्म, संस्कृति, विज्ञान, र पर्यावरणलाई एकीकृत गर्छ । यसले हामीलाई सूर्य र प्रकृतिको महत्त्व सिकाउनुका साथै, स्वास्थ्य र मानसिक शान्तिको मार्ग पनि देखाउँछ । आजको आधुनिक सन्दर्भमा, छठको प्रासंगिकता अझ बढेको छ, जसलाई हामीले आधुनिकतासँग समन्वय गरी अगाडि बढाउनुपर्छ । नेपालमा छठपर्वको रौनकले धार्मिक एकताको सन्देश पनि दिएको छ । यो महत्वपूर्ण विषय हो ।



Nepali - India Relation



27 October, Kashmir bleeds under Indian illegal occupation.

By Rajan Karki----------

The bloodshed in Kashmir began on 27 October 1947, when Indian troops landed in Srinagar. For Kashmiris, this was the day India took control of Jammu and Kashmir against the wishes of its people and in disregard of the Indian Independence Act and the Partition Plan. Consequently, Kashmiris remember 27 October as a Black Day in Kashmir's history and observe it annually as such.""In remembrance of this Black Day, friends of Kashmir around the world express their solidarity with the Kashmiri people.

The plan to partition British India into India and Pakistan was announced on 3 June 1947. According to the plan, Hindu-majority regions were to join India, while Muslim-majority regions in the western provinces and eastern Bengal were to become part of Pakistan. This arrangement was subsequently approved by the British Parliament on 18 July 1947. At that time, there were also 568 princely states, which became independent and were advised to accede to either India or Pakistan.

On 19 July 1947, a meeting of the Jammu and Kashmir Muslim Conference was held at Abi Guzar in Srinagar. The meeting passed a resolution favoring accession to Pakistan, noting that Jammu and Kashmir had an 87 percent Muslim majority.

India emerged as a violator of the agreed principles of partition. It disregarded the rules, conditions, and understandings of division and intervened in Hyderabad, Junagadh, and Kashmir to establish control. At that time, Maharaja Hari Singh ruled Jammu and Kashmir. In agreement with leaders of the Indian National Congress and British authorities, he announced accession to India through the so-called Instrument of Accession. The details of that agreement remain controversial. This accession became the root of the Kashmir dispute, a poisonous tree whose effects continue to shape Kashmir's future even after 79 years.

British historian Alastair Lamb is among those who challenged India's claim regarding the Instrument of Accession. In his book The Birth of a Tragedy, he argued that Indian troops had entered Kashmir before the document was allegedly signed. For this reason, critics argue that India has never been able to publicly present the original document before international forums. Kashmiri researchers such as Andrew Whitehead and Basharat Hussain Qazibakhsh have also questioned India's claims, describing the document as disputed and arguing that no original document has been conclusively produced. Adding to the controversy, India's archives reportedly declared the document missing.

A Boundary Commission headed by British lawyer Sir Cyril Radcliffe was established to draw partition boundaries. The commission's decision to award the Gurdaspur district to India, thereby providing India direct access to Jammu and Kashmir, further complicated the dispute. Some analysts therefore regard the British boundary arrangements as a major factor in the origin of the Kashmir conflict.

As opposition to Indian control intensified, the Kashmir issue eventually reached the United Nations.

Kashmir at the United Nations

Strong Kashmiri resistance placed India in a defensive position. On 1 January 1948, India referred the Kashmir dispute to the United Nations Security Council.""Debates were held in the Security Council, which subsequently adopted a number of resolutions. Both India and Pakistan initially accepted these resolutions. Among the key provisions were granting the Kashmiri people the right to self-determination and conducting a plebiscite under United Nations supervision. While Indian leaders initially accepted these resolutions, critics argue that India later retreated from those commitments and increasingly described Jammu and Kashmir as an integral part of India.

Rising Kashmiri Resistance

The dispute continued to intensify because the UN resolutions were accepted but never fully implemented. Kashmiri resistance gained momentum. In 1989, Kashmiris intensified their struggle for self-determination, presenting both a warning and a challenge to India.

From January 1989 to September 2018, according to figures cited by Kashmiri sources, large-scale military operations took place. These sources claim that 95,129 Kashmiris were killed, 22,882 women were widowed, 107,723 children were orphaned, and 11,082 women suffered sexual violence. They also report that more than 8,000 young people were arrested or disappeared.

The movement for self-determination in Kashmir has not ceased. A major uprising occurred in 2008. On 8 July 2016, popular young Kashmiri leader Burhan Muzaffar Wani was killed. Following his death, protests and resistance intensified significantly. Reports alleged that Indian security forces used pellet guns against Kashmiri protesters, causing deaths, injuries, blindness, and permanent disabilities.

India continues to suppress Kashmiri activists under allegations of terrorism, while supporters of the independence movement remain committed to their cause. Despite extensive security measures, the movement has not been eliminated. Critics argue that India seeks to integrate all of Kashmir into India and alter its Muslim demographic composition.

Measures cited include the revocation of Articles 370 and 35A of the Indian Constitution, granting Indian citizens the right to settle in Jammu and Kashmir, and increasing pressure on local residents through various state institutions and security mechanisms.

Pakistan, meanwhile, has consistently supported what it describes as the Kashmiri people's right to freedom and self-determination. Pakistan maintains that a peaceful resolution of the Kashmir dispute is essential for lasting peace in South Asia. Despite facing diplomatic and military pressure from India, Pakistan has continued to support the Kashmir issue internationally.

Some Positive Developments

19 January 2017 saw a serious debate on Kashmir in the British Parliament.

On 18 July 2018, the European Parliament issued a document addressing the history of Kashmir and the relevant United Nations resolutions.

The All-Party Parliamentary Group on Kashmir in the UK also initiated further research into the situation in Kashmir.

On 14 June 2018, the United Nations High Commissioner for Human Rights published a report expressing concern about the human rights situation in Kashmir.""According to the Kashmir Human Rights Report, between 1989 and 2026, 7,421 people were allegedly killed after being arrested, 950,151 world:

When will Kashmiris be allowed to determine their own future¿

For this reason, the significance of 27 October continues to grow.

After India incorporated Jammu and Kashmir into its political map on 5 August 2019, the Kashmir issue has increasingly become like a volcano. Further bloodshed has been inflicted upon the Kashmiri people.

For this reason as well, the observance of 27 October as Black Day and the Kashmiri struggle for freedom have come to be seen as a movement for justice and a quest for rights.

A Coffee Conversation Opens a Window on an Interconnected World

Russia's Buddhist Tradition and Opportunities for Cooperation with Nepal

Prem Sagar Poudel



A conversation over coffee in Moscow with Dr Tumun Tsydypov gave me a new perspective on Buddhism in Russia. He is a central adviser to the Did Khambo Lama of the Buddhist Traditional Sangha of Russia. We spoke about the history and present condition of Russian Buddhism, but our discussion also raised a broader question: what can societies with different civilisations and cultural experiences learn from one another as they face shared challenges¿

Our meeting went beyond formal introductions. We discussed how Buddhism took root in Russia, the role it plays in local identity, and what Nepal might gain from closer engagement. The conversation made one thing clear: Russia's Buddhist tradition cannot be understood solely as a religious subject. It also offers insight into Russia's multi-ethnic society, its cultural links with Asia and the potential for international dialogue.

Russia is generally known as a predominantly Christian country. Yet Buddhism has been practised there for centuries. It has deep roots in Buryatia, Tuva and Kalmykia, and Buddhist communities are also found in Irkutsk Oblast, Zabaykalsky Krai, Altai, Moscow and St Petersburg. Russia's Constitution defines the country as secular, while the preamble to federal law recognises Buddhism as part of its historical religious heritage. Buddhism in Russia is therefore not simply an idea adopted from abroad. It is a tradition connected to local history and social life.

There is no official national census of Russia's Buddhist population. A presentation by a project associated with Dr Tsydypov estimates that the country has around 1.5 million Buddhists. This should be understood as an institutional estimate, not an official government figure. The presentation also refers to an estimated 500 million people worldwide who identify as Buddhists, while describing a much broader cultural sphere shaped by Buddhist heritage. These are different measures: religious identity is not the same as cultural influence, and the broader estimate should not be read as the number of Buddhists. The institutional continuity of Buddhism in Russia is also significant. Monasteries, religious leadership and community practice have helped preserve local languages, arts, customs and cultural identity. Recognition of the institution of the Pandito Khambo Lama in the eighteenth century marked an important moment in the history of Buddhism in Russia. Today, efforts are also underway to connect this heritage with younger generations and Buddhist communities in other countries. The International Buddhist Forum is one example. The fourth forum was held in Kyzyl, the capital of Tuva, in August 2026. Buryatia hosted the first two forums, in 2023 and 2024, while Kalmykia hosted the third in 2025. Rotating the forum among Russia's three historic Buddhist regions is helping build an institutional platform that connects Buddhist traditions with national life and international dialogue. The Kyzyl forum brought together religious leaders, scholars, diplomats and cultural representatives from Nepal and other countries.

The forum's idea of an "Interconnected World" speaks directly to the present moment. It is grounded in interdependence, mutual learning and the possibility of individual freedom within a web of relationships. People, societies, nature and technology do not exist in isolation. Change in one area affects the others. This perspective does not seek to make every society follow the same model. Instead, it opens space for dialogue on shared questions while respecting diversity.

A series of seminars held from May to September 2026 explored the human condition in the modern world and the paths of civilisational development. A session on July 8 focused on the human being in the modern world, while one on September 17 examined the paths and meanings of civilisational development. By bringing Buddhist teachers and scholars together with political scientists, economists, sociologists, business leaders and policymakers, this format creates opportunities to connect religious thought with contemporary social questions.

The first opportunity for Nepal lies in cultural diplomacy. Nepal is home to Lumbini, the birthplace of the Buddha. In Russia, Buddhism is a living tradition rooted in local communities.

A second opportunity lies in academic cooperation. Lumbini Buddhist University could work with Russian universities and Buddhist research institutions on student and faculty exchanges, joint research, manuscript translation, conservation of Buddhist art and regular academic conferences. Comparative work drawing on Pali, Sanskrit, Tibetan, Nepali and Russian sources could produce new insights into the history and local evolution of Buddhist thought. Lumbini Buddhist University's participation in Russian Buddhist forums and its cooperation agreements could provide a foundation for longer-term programmes. A third opportunity is Buddhist tourism. The Nepal Tourism Board has organised an international Buddhist travel mart centred on Lumbini. This could be linked with Buddhist regions in Russia through Russian-language information, cultural visits and study tours.

नेपाल र माओको विचार मन्थन



विश्वका सात अर्ब जनतासँग विश्वभरको धनको दश प्रतिशत मात्र छ अर्थात् ती मजदूर किसान हुन् । तिनको घर छैन, खेतबारी छैन, स्वास्थ्य उपचार गर्न धन छैन, अन्याय परेको बेला न्याय पाउन वकिल राख्ने धन छैन, न्यायधीशलाई घुस दिने रकम छैन । स्वस्थकर खाना खान नपाएका कारण तिनका परिवार प्रायः रोगी, अल्पायु भएका हुन्छन् ।

पुँजीवाद त मय नामक महाअसुरभन्दा ठुलो असुर हो । यसैले तस्कर, घुसखोर, मिसावट, नक्कली, ट्रेडमार्क, सिन्डिकेट, तहतह मध्यस्थ व्यापारी, चोरी, ठगी, वेइमानी, अशिक्षा, असुरक्षा, नास्तिकता, अन्याय, प्रहरी, न्यायालयदेखि सेना र युद्ध सामग्रीको व्यापार उद्योग समेत गराएको छ । नैतिकता, इमानदार, मानवीयता के हो कसैलाई थाहा छैन, कसैलाई चिन्ता छैन । एक दिन विश्वको सात अरब जनसङ्ख्यामा ६.९९९ अर्ब गरिब अएपछि माओत्सेतुङले भनेको जस्तो सर्वहारा वर्ग हुनेछन् । तिनले सबै धनाढ्यको लुटेर जीवीकोपार्जन गर्नेछन् । समाज पूर्णलाई मानेका छन् ।

मार्क्सवादी एकाडेमिसियन, परजीवी विद्वान् विज्ञ तथा नक्कली बनावटी (दयनगक) मानव अधिकारवादीको आजको मुसलमानले पाखण्ड, अविश्वासी, नास्तिक जस्ता कुरा जोडेर जासिया नामक धर्मकर उठाउँछन् । ठिक त्यसै गरेर जसरी गुरिल्ला माओवादीले लुकेर र ठग इसाईले पुँजीपति बजारबाट असुल्छन् । उक्त चारै अपराधी सोचका हुन्, मानसिक विकारयुक्त समूहको जमात हो ।

इस्लामिक र इसाई मुलुकलाई रकम, फन्ड अनुदान दिनुलाई अपराध मानिनुपर्दछ । स्वतन्त्र विश्वले नाजिज्म, फासिज्म सरह कम्युनिज्म, क्यापिटलिज्मलाई पनि विश्वबाट पराजय गराउनुपर्छ । उक्त चार अपराधीले विश्वका ६ करोड जनतालाई उक्साएर १० करोड अज्ञान सर्वसाधारण जनतालाई भुक्याएर मारेका छन् । यिनले के गरेका छैनन्, पिलेट प्रयोग गरेर अपाङ्ग गराउने कामसम्म गरेका छन् । भौतिक पुँजीपति सोच राख्ने धर्मसङ्गत शिक्षापद्धति नासे, स्वस्थ्य पद्धति नासे, सबैभन्दा महत्वपूर्ण जैविक विविधतामाथि सजाएको योगज्ञान र आदर्श समाजसँग जोडिएको पौरस्त्य कृषिप्रणली विगारिदिएका छन् । विनाशलाई विकास भनेर नारा दिएका छन् ।

साम्यवादीयत (सर्वहाराको तानाशाही)

सर्वहारा मार्क्सवादी साम्यवाद विश्व अशान्त बनाउने अकॉ आततायी जत्था हो । तर आश्चर्यको कुरा भूमिगत भएर सशस्त्र गुरिल्ला युद्ध गराउन पुँजीपति जत्थाले हतियार र धन उपलब्ध गराउने गर्दछ । बाहिर एक अर्काका कट्टर विरोधी भनिए पनि अशान्ति मच्चाएर विरोध गर्न एक अर्काले सघाएका छन् । आजको विश्वका प्रायः सबै मुलुकका साम्यवादीले उदार उपभोक्तावादी अर्थनीति नै अँगालेका छन् । साम्यवादीहरूले मूल आदर्श छाडे पनि सिकाइमा आँखामा पट्टी बाँधेको घोडाको ताल पाइन्छ । यिनले कार्ल मार्क्सको दास क्यापिटल, प्रयोग गर्ने लेनिन र गुरिल्लायुद्ध थप्ने माओवादको परिधिमा मात्र सीमित हुन्छन् । व्यक्तिभित्र रहने अन्तानुभूतिलाई दबाइराख्छन् । त्यसैले यी एकोहोरे विवेकक शून्य जत्थामा सम्मिलित हुन्छन् । आजकल त यस्तो राजनीतिक जत्थाको सदस्य लिने मात्र जनता गनिने र त्यसलाई मात्र राजनीतिक र आर्थिक अधिकार दिने भएकोले सामान्य जीवन जिउन पनि व्यक्ति घरपरिवार समाज त्यागेर साम्यवादीको सदस्य बन्दछ । साम्यवादीमा पनि पुँजीपतिमा झैं अध्यात्म, ज्ञान, धर्म, नैतिकता, आचरण केही पनि हुँदैन । यिनमा चार्वाकीय नास्तिक विचार यति तीव्र हुन्छ कि यिनले वृद्ध बाबुआमा, नारी बालबलिकाप्रति हुनुपर्ने न्युनतम स्नेह पनि हुँदैन । यिनले मुसाइयतले जस्तै शिक्षणसंस्था, मठमन्दिर भत्काउने, मानिस मार्ने, अपहरण गर्ने, सम्पत्ति लुट्ने जस्ता आततायीयुक्त काम सामान्य हुन्छ । क्रूरता यिनको आदर्श हुन्छ । क्रूरताको माध्यमबाट विश्वभर आठदश करोड मानिसको हत्या गरेर दानवीय शासन गरेका हुन् । त्यही लिप्सामा अनेक नाममाबाट विश्वभर निरन्तर हिंसा गरिरहेका छन्, अशान्ति मच्चाइरहेका छन् । आततायी कर्म गरिरहेका छन् ।

सारतः वैदिक सनातन धर्मको आदर्श एकतामा जुटाउने हुन्छ भने भौतिक उपभोक्तावादीको आपसमा लडाएर फुटाउने हुन्छ । धर्ममा त्यागको भावना हुन्छ भने पाश्चात्य उपभोक्तावादीमा व्यक्तिपरक स्वार्थकेन्द्रित हुन्छ । वैदिकमा सामुहिकता हुन्छ पश्चिमामा व्यक्तिपरक स्वार्थ हुन्छ । पौरस्त्यमा शिक्षा स्वास्थ्य आदि सेवा हो परोपकार हो भने पश्चिममा यो व्यापार हो, कमाउ धलो हो । आद्य शङ्कराचार्यले धर्मभित्रका ८४ वटा फरक मतलाई जोड्न धर्मसङ्गठन पनि गराए, चार आश्रम बनाए, दशनामी खडा गरे, आपतधर्मबाट धर्मरक्षाको उपाय गरे । धर्मो रक्षति रक्षित उद्वोध गरे । आज फेरि त्यही बेला आएको छ, धर्म रक्षा गर्ने ।

१. पूर्वले एक ढिक्का बनाउँछ, जोड्छ, बनाउँछ । पूर्व योग हो पश्चिम वियोग । पश्चिमले अलग्याउँछ, फुटाउँछ, दुक्र्याउँछ । आज पश्चिमाको प्रभावका कारण नेपालको गाउँ बस्ती, जातजाति, धर्म संस्कार, संस्कृति, आचरण चरित्र मात्र होइन हरेक घरपरिवार टुक्रिदैं छ, मुलुक फुट्दै छ ।

२. पूर्व आत्मवादी हो, अध्यात्मी हो । पश्चिम देहाभिमानी हुन्छ । भौतिक उपभोक्तावादी हुन्छ । वैभव जम्मा गर्ने हुन्छ । पूर्व सात्विक हुन्छ पश्चिम राजसी र तामसी हुन्छ ।

३. पूर्व सत्य, न्याय, नैतिकता, संस्कारबाट परिचालित हुन्छ, पश्चिमा लिखित कानूनबाट । कानूनको प्रयोग बलबाट हुन्छ । जस्तैः पूर्व नारी देवी आमा हुन्छे, नैतिक र योगबलबाट व्यक्ति बलात्कारै नगर्ने, पाप ठान्ने हुन्छ, पश्चिम भौतिक उपभोगका कारण नारी आनन्द प्रसाधनकी वस्तु हुन्छ । त्यही कारण पश्चिमाले नारीलाई नाङ्गो बनाउँछ, पूर्वले ढाक्छ ।

४. वेद विश्व ज्ञानको आधार : दानव र देव दर्शनका कुराहरू राम्ररी बुझ्न वेदका केही सूक्त उद्धरण गरेर हेर्नौं । केवल मेडिकल साइन्स स्वास्थ्य विज्ञानका नमुना उद्धरण गर्नौं । ऋग्वेदको १/११/१५, १/८०/१६, १/८४/१४ सूक्तहरूमा यी कुरा चर्चित छन् । ऋग्वेदको सूक्तहरू १/११/६ देखि १० सम्ममा कायाकल्प विज्ञानको चर्चा छ । ऋग्ववेदकै सूक्त १०/६०/७ मा मुद्गु र मस्तिष्कको स्पन्दन बन्द भएपछि मृत्यु भएका व्यक्ति (भेन्टिलेटरमा राखेसरह) बचाउने प्रविधिको उल्लेख छ । वेदको आधारमा आफ्नो शरीरलाई मुर्दा बनाएर अरूको मृत शरीरमा पस्ने विज्ञान समेतको विकास भएको थियो । ऋग्वेदको १०/५८/१ देखि १०/५८/३ सम्म यो प्रविधिको चर्चा छ ।

त्यस्तै सूर्यको प्रकाशलाई प्रयोग गरेर रोगीको उपचार गर्ने पद्धति ऋग्वेदको सूक्त १/५०/३ मा उल्लेख छ ।

अश्विनीकुमारको शल्य चिकित्सा पद्धति, चरक र समुतका शल्यक्रिया पद्धतिहरू, महिर्ष अगस्तिको मधु विद्याहरूको आधार पनि ऋग्वेद नै हो । त्यस्तै गरेर विभिन्न विषहरूबाट मानिसलाई बनाउने विद्या पनि वेदमा उल्लेख छ । यो भयो चिकित्सा विद्याको उदाहरण । त्यस्तै गरेर इन्जिनियरिङ्ग विषयमा पनि वेदमा उल्लेख छ । वेद अनुसार देवताको शासनकालमा दश प्रकारमा विमान बनाइएको थियो ती विमानका नामहरूमा त्रिपुर, पुष्पक, भारिवण्, सौभ, सुत, शक्तपदगम, अंशवाह, तारामुख, सूर्यकान्त, चन्द्रकान्त थिए । ती विमान चलाउने विमान चालकमा ऋभुदेविह पायुसम्म ४७ जनाको अझै अभिलेखमा पाइन्छ । ऋग्वेद २/३११, ३/५४/१३ , ९/६२/१७, ४/३६/२, ४/३६/१, ९/४१/६ बुझेर पढ्दा पनि यो कुरोको थाहा लाग्छ ।



डा.शास्त्रदत्त पन्त

आजकल १०० तलेभन्दा अग्ला घरको चर्चा छ विश्वमा । तर वैदिक कालमा हजार तले घर प्रविधिको, वास्तुकलाको चर्चा छ । विश्वयात्रा गर्ने पानीजहाज र फलामे घर प्रविधिको चर्चा छ । ऋग्वेदक (२/४१/५, १/२५/७, ७/१५/१४) लाई नियाल्दा यो कुरा पुष्टि हुन्छ । अथर्ववेद (११/२/२) मा परमाणु विज्ञानबारे उल्लेख छ । आजको विज्ञान पाश्चात्यको नयाँ र मौलिक आविष्कार होइन, वैदिक महर्षिहरूको योगदान हो । तिनताक कपालका रौं चिर्ने मेसिन थिए । शब्द भेदीवाण (एन्टी एअर क्राफ्ट) थिए । मान्छे बिलाउने, अदृश्य हुने र उड्ने प्रविधि थियो । दिव्यदृष्टि, दूरदर्शन, आकाशवाणीको सञ्चार प्रविधि थियो । सूर्यग्रहण बारे ऋग्वेद ५/४०/५ र ६ मा चर्चा छ । खगोलशास्त्र, तिनको दूरी र प्रभाव अध्ययन गरिएको थियो । दूरबीनलाई तृतीय यन्त्र भनिएको छ । सेलबाट जीवित प्राणी बनाउने कला थियो । त्यस्तो चिकित्सकलाई चर्म विभक्तिविद्या भनिन्थ्यो ।

सौनकको व्योमपान तन्त्र, गर्गको यन्त्रकल्प, नारायणमुनिको विज्ञान चन्द्रिकालाई कसैले खोजेनन्, अङ्ग्रेजीमा लेखिएका मात्र खोज्ने गरेका छन् आजकल । वाचस्पतिको यान विन्दु, वाल्मीकिको स्वतः सिद्धिन्याय, चक्रपाणिको खेय्यान विमान पद्धति, बुण्डिनाथको व्योमयान, अगस्तिको शक्ति सूत्र, नारदको वैश्वानर तन्त्र र धूम प्रकरणमयको मूर्तिकला, भारद्वाजको वैमानिक कला विषयक रचनाको ज्ञानले निरन्तरता पाउन सकेन, मुसाई र इसाईको क्रूर आततायी शासनकालमा हजारौं वर्ष बिताउनुपरेकाले कसैले निरन्तरता दिन सकेनन्, खोजखबर गर्न सकेनन् । कमसे कम भारत स्वतन्त्र भएपछि नेपाल र भारत मिलेर ऋग्वेदको छैठौं मण्डलको आधारमा एउटा उच्च प्रयोगशाला बनाए मात्र पनि केही प्रगति हुनेथियो । पश्चिमाले विज्ञानलाई शिल्पशास्त्र मान्दछन्, पूर्वले विज्ञानलाई ब्रह्मशास्त्र र शिलशास्त्रकै योग मान्छ । विज्ञान र ज्ञान सर्वत्र छ । कमस..

आइतेको तमास



सुरेशकुमार पाण्डे

तिहार आएको थिएन तर तिहारको सधारमै हुनुपर्छ । साहेद पन्द्र वा बीश दिन पछि हुने सम्मेलनको प्रचार चलेको थियो । हाम्रो जिम्मामा सम्मेलनको प्रचार प्रसार गर्नेमात्र थिएन बरू चन्दा सङ्कलन गर्ने र रियसल गर्ने देखि लिएर सम्मेलनलाई सफलपार्ने पनि थियो । त्यो वेला भखुर संगठनमा लागेको पुरा नपुग वर्षदिन मात्र भएको थियो ।अट्ठार वर्षीय युवाको जोस जाँगर हुन्छनै ।

"नयाँ नयाँ जोगिले वड्दा खरानी घसेको हुन्छ, भने झैं"मलाई संगठनमा काम गर्ने अगाध रहर थियो साथै नाटक र गीतहरू पनि जानी नजानी कोर्दिन्थें ।म खास गरेर विद्रोही स्वभावको र जिज्ञासु स्वभावको थिएँ ।

सम्मेलनमा देखाउने नाटकमा एउटा रोल मिलेको थियो । पानीपतको दोस्रो वा पहिलो कुनचाहीं सम्मेलन हो ठ्याक्कै थाहा भएन विश्नुहरी शर्माले जिम्मालको रोल गरेका थिए भने मैले उनैको कमैया कालेको रोल गरेको थिएँ । यो सन् १९८२तिरको जस्तो लाग्छ ।मलाई केही रूपियाँ घरमा पठाउनु थियो । दुइ महिनाको तलब चार सय वीश र पचास रूपियाँ अरू गरी जम्मा रूपियाँ ४७० मसँग थियो ।

त्यो दिन म अलि छिट्टै आउने सोंचमा थिएँ । त्यसैले नसोधीकन एउटा डाक्टर को स्कुटरको डिक्कीमा अपील र खोल्टीमा चन्दाको बुक लिएर थर्मल कलौनीबाट पानीपतका लागि गुडें ।

मसँग नत लाइसेन्स थियो, न स्कुटर चलाउने ढङ्ग जे हवस् म थर्मल देखि पानीपतजान स्कुटर स्टार्ट गरेर गुडें, त्यहाँबाट धेरै त होइन करिब दश बाह्र किलोमिटर छ पानीपत । यतिलामो सफर मा स्कुटर चलाउन मैले लिएको यो पहिलो रिक्स हो । मलाई स्कुटर चलाउने रहर पनि उत्तिकै थियो ।

सञ्जोगले बाटोमा न त चेकजाँच भयो न कुनै समश्या पर्यो । जब म लालबत्ती काटें मलाई आइतेको सम्झना भयो ।ऊ सँग म पहिलो पटक एउटा टोल भेलाको सिलसिलामा भएको थिएँ ।

र, मनमनै त्यसलाई भेटेर चन्दा काट्छु अनि बल्ल रूपियाँ घर पठाउन स्वदेश जाने व्यक्ति भेट्ने निधो गरें ।

अब सुनौली रोडमा केही चिनेका अरू पनि थिए म पहिले आइतेको क्वाटर तर्फ लागें । ऊ सँग एक दुइपटक मात्र देखभेट भएको हो तर राम्रो चिनजान भने होइन ।

म सुनौलीरोडमा कम्बलको कार खानामा पुगें र गेटमा उभिएको व्यक्तिलाई आइतेको बारेमा सोधें ।

"ए भैया आइते कहाँछन् ?' को आइते ? बहादुर ? "उसले मेरो प्रश्नको उत्तर मा प्रतिप्रश्न गर्यो । मैलेपनि अनुमान लगाएर समर्थनमा सिर हल्लाइदिएँ । नेपालीलाई बहादुर नै भन्ने गर्छन् ।

"खै कता गयो उसकी बुढी भित्र छन्" उसले आइतेको रूम देखाउँदै विहार ी भाषामा भन्यो । '

बोरीको पर्दा जस्तो टाँगेर दैलो बनाएको थियो ।खासै गर्मी पनि थिएन तर पनि झिइहरू भनभनाउँदै थिए । एउटा फाटेको कम्बल बिच्छ्याए एउटी महिला त्यसैमा पल्टिएकी थिइन ।निजकै एउटी अर्धवैंसकी महिला बसेकी थिइन ।मलाई देखेपछि उनि उठेर बाहिर आइन ।उनि अली हक्की स्वभावकी रहेछिन् ।

" बबुवा यि तुहार केलागल ? '- उनले विहारी भाषामै सोधिन् । उनि पनि विहारकै हुन् भन्ने उनको भाषाशैलीले पुष्टी गर्यो ।

" यहाँ गाउँले हुनुहुन्छ । "- म निमेशभर सोंचमा परें र अलिक अक्कवक्क हुँदै भने । " तिमिहरूलाई लाज लाग्दैन? यसको लोग्ने कहाँ छ ?' महिलाले मलाई हकार्दै भनिन् ।त्यहाँ जीवनसाथीको अवस्था संवेदनशील थियो । उन्लाई अँस्ति देखि प्रसवपिढा सुरू भएको भन्दै उक्त महिलाले आइतेलाइ सराप्दै थिइन् । म भने मौन थिएँ मसँग कुनैपनि उत्तर थिएन । मेरो उनिहरूसँग राम्रो चिनजानपनि त होइन तर नेपाली भएको नाता भने छँदै छ । एकपट त सोंचे किन यो झमेलामा परौं, तर महिलाको अवस्था अलि दयानीय थियो । " यो ' नानिलाई यस्तै मानें हौ तिमिहरूले ? गाउँले भएपनि तिमिहरूले यसको देखभाल गर्नु पर्यो नाइभने यो मर्छे ।"- उनले विहारी भाषामा भनिन् ।

अब मलाई त्यस्तो अवस्थामा त्यो महिलालाई छाडेर त्यहाँबाट जाने मनले पटक्कै मानेन । मैले एउटा रिक्सावाला बोलाएँ ।

" हजुरले धोरै नर्सिङ्गहोमसम्म लान मदत गर्नुपर्यो चाची ' मैले उक्त महिलालाई भने । ऊ पहिले त आनाकानी गरी फेरी आफ्नो रूममा छिरेर कपडा बदलेर बाहिर आई । उक्त महिलालाई तीन जनाले उठाएर बिस्तारै रिक्सामा बसाले । उसले रिक्सामा बसेर छोपी म स्कुटरमा पुगे । पानीपतको पुस्पा नर्सिङ्गहोममा पुगायौं ।त्यो वेला यो मान्निएको नर्सीङ्गहोम थियो ।

" सुन भाई केनाम हो तिम्रो महिला डाक्टरले सोधिन, मैले आफ्नो नाम ठेकाना बताएँ । उसले पनि मलाई धेरै कुरा सुनाई तर मैले यथार्थ कुरा गरेपछि उसले मसँग राम्रो व्यवहार गर्न थालि । उनले मलाई तपाईं भनेर सम्मान पूर्क व्यवहार गर्न थालिन् ।

" करिब तीन बजेतिर उक्त महिलाले एउटा सुन्दर छोरालाई जन्माइन् । मैले सबैकुरा भुलेर आफैले सफलताको श्रेय लिए र रमाए पनि । छोरा वा छोर ी जे जन्मे पनि सबैभन्दा ठूलो खुसी आफूले लिएको रिक्सामा सफलता पाउनु नै खुसिको विषय थियो ।

चार बजेतिर उसले आफनो एम्बुलेन्समा उक्त कम्बलको कारखानामा पठाइदिई साहिद दश वा पन्द्र रूपियाँ भाडा लगाई । जम्मा जम्मी त्यो वेला चार सय पचास रूपियाँ खर्च भयो ।त्यो मेरो दुइ महिना भन्दा पहिको तलब थियो ।

साँझ तिर उसको रूममा उसलाई छाडे अनि उसलाई डाक्टरले पातलो र ठीो र मुडको दाल दिने सुझाव अनुसार उस्का भाँडाहरू नियाल्दै थिएँ । त्यहाँ नत पिठो थियो न मुडको दाल न तेल । धोरै चामल मात्र थियो । नजिकैको एउटा दोकानबाट पाँच केजी पिठो र एक केजी मुइको धुली दाल एउटा सानो सिसा तोरीको तेल किने र उक्त महिला जो सँगै आएकी थिइन उन्लाई रोटी पकाएर खुवान भनेपछि म त्यहाँबाट माडल टाउन ६४० एल पुगें । मेरो अनुमान ठिक निस्कियो । त्यो व्यक्ति आइते तास खेलीर हेको अवस्थामा फेला पारें र च्याप्पै छोपें । " म मात्रै तास खेलेको छुँ ? अरू पनि त खेलेका छन् । उनिहरूलाई हजुरले केही भन्न नसक्ने !' ऊ मसँग कराउन थाल्यो । त्योवेला हामी खास गरिकन जुवाडेहरूलाई जुवा छुडाउने र जँड्याहरूको जाँड छुटाउने प्रयास गर्थ्यौं । आइतेले त्यही अभियान सम्झियो होला । तर मेरो उदेश्य त उसलाई घर पुर ाउनु थियो ।

" तिम्रो बुढी काँ छिन् ? थाहा छ तिमिलाई ?'-म अलि चर्को स्वरमा करायें । मेरो यो आवाज सुनेर ऊ पनि अलिक सान्त भयो ।

तिमिलाई प्रहरीले खोजेको छ तिम्रो श्रिमती प्रसव पिढा भेरुग नसकेपछि मरिन । "- मैले उसलाई झनै चर्को स्वरमा यस्तै भने । उसले मेरो यो आवाज सुनेर अक्कवक्क भयो अनि थररर काँप्न थाल्यो । अरू आ आफ्नै धुनमा थिए उसलाई छोपेपछि उनिहरू कतिवेला लाखापाखा लागे थाहा भएन । आइतेलाई स्कुटर मा बसालेर उसलाई क्वाटरमा लगें ऊ बाटैभर ी केही बोलेन ।

तर क्वाटरमा पुगेपछि उसले आफ्नो बुढी र बालख स्वस्थ भएको देख्यो ।त्यसपछि बल्ल ऊ भावुक भयो र रून थाल्यो । " सर माफ गर्नुहोला हजुर मेरा लागी साँच्चै देवता हुनुहुन्छ । '-आइतेले दुवै हात जोडेर भन्यो । उसले पैसाको कुरा गरेन किन की ऊ सँग रूपियाँ पनि थिएन ।

" हजुरको ऋण चार सय पचास " मैले उसलाई विल थमाउँदै भने । उसले त्यो प्रचा अलिबेरसम्म खेलाई रह्यो र भन्यो " सर हजुरलाई म भोली मालिक आयो भने मागेर दिउँला है ! 'आइतेले मलाई सन्तुष्ट बनाउने उदेश्यले भनेको हो ।

" भोली नै दिनु पर्दैन, मेरो पैसा घरमा पठाउने भनेर त्याएको थिएँ तर मानिस घर हिँडिहाले अब अर्को महिनासम्म दिए हुन्छ । बरू आफ्नो जच्चा बच्चाको राम्रो देख रेख गर्नुहोला । "-मैले आइतेलाई सुझाव दिएँ । " सर हजुरको के सेवा गरौं ? '-उसले मलाई दुवै हात जोडेर सोध्यो ।

" दाई हजुरले मलाई सेवा गर्नु परेन बरू सक्छौ भने जुवा खेल्न छाडिदेनुहोस् । "-मैले यत्ति भनेको थिएँ । " सर म कहिल्यै तास खेल्ने छैन । यदि म जुवा खेलेको हजुरले कतैपनि फेला पार्नुभयो भने मलाई ज सजाय दिन सक्नुहुने छ । ' उसले आफ्ना दुवै कान छोप्यो र भन्यो ।

पछिसम्म उसलाई जुवा खेलेको त देखेन तर उसले संगठनमा भिना मसिना कामहरू गर्दै आएको सुनियो र देखियो पनि । सम्मेलनमा ऊ आफै गएको थियो ।



गोरखा एक्सप्रेस

www.nepaltoday.com.np पढौं

लेख, रचना र बिज्ञापन पठाएर सहयोग गरौं ।

email : rajan2012karki@yahoo.com

लोकलाज र डर कतैं कसैलाई केही छैन

यो कस्तो देश भनिने परिवेश हो, जहाँ कतै कुनै सुनवाई नै छैन । कसैले कसैलाई जवाफ दिनै पर्दैन, जसले जे गरे पनि हुन्छ, रोक्ने कोही छैन । जसले जति सक्छ त्यति भ्रष्टाचार गरे हुन्छ । लोकलाज र डर कतै कसैलाई केही छैन । हाम्रा सबै चेतना निर्जीव भइसके, सबै संवेदना मरिसके । यस्तो लाग्छ, हामी सबै हिड्डुल गर्ने लाशमा अनुवाद भइसक्यौं ।'

अधिवक्ता प्रकाश वस्ती,
कानुन पत्रिकाको अंक ५ मा ।

अदालतले सुन्नैपर्ने आवाज





अन्तिम पातो - शाश्वत शर्मा

आन्दोलन, फेरि आन्दोलन ?

दशैं, तिहार, छठजस्ता मुख्य चाडपर्व सकियो । अब आन्दोलन पर्वहरु सुरुहुनेवाला छ । कर्म्युनिष्टहरुको आन्दोलन, कांग्रेसको आन्दोलन अनि राजसंस्था पुनर्स्थापनाका लागि आन्दोलन । अरु त अरु पेशागत संघसंस्थाहरुको पनि आन्दोलन हुने भनिदैछ । अर्थात् मुलुक आन्दोलनमय हुँदोछ । नेपालीहरुका दुःखका दिन फेरि एकपल्ट सुरु हुनेवाला छ । यी बाहेक किसिम किसिकमा ज्योतिषीका डरलाग्दा भविष्यवाणीहरु पनि सार्वजनिक भएका छन् । अग्नि काण्ड, दुर्घटना, भूकम्प, पृथ्वी नै प्रलय हुनेजस्ता । राजनीतिक र मानसिक भय खेपेर नेपालीले बाँच्ने कसरी ?

एकातिर आफ्ना समस्याहरु ज्यूंका त्यूं छन्, अर्कातिर दैवी र राजनीतिक समस्या थपिदो छन् । कहिले समाधान हुने र शान्तिपूर्वक बाँच्न पाउने ? सधैं अर अजकता र अस्थिरता भइरहने हो भने यो मुलुकमा बस्ने को ? होला, वर्तमान संविधान अन्तर्गत बालेन सरकार नयाँ र अन्तिम प्रयोग होला । गतसालको भदौ २३ अघिको विभिन्न खालेका सरकारहरु प्रयोग असफल भएपछि यो बहुमतको शक्तिशाली सरकार अन्तिम प्रयोग होला । तर यसपछि के त ? सैनिक शासन ? राजसंस्थाको पुनर्स्थापना ? वा वैदेशिक हस्तक्षेप ? गत फागुन २१ को निर्वाचन र त्यसको परिणामपछि मुलुकवासी अब त केही होला ? अब त स्थिरता आउला ? अब कुशासन र भ्रष्टाचारको अन्त होला ? महँगी हट्ला, रोजगारी पाइएला भन्ने विश्वास आशा र अपेक्षामा नै सिमित छ । करिब ८ महिने यो सरकारलाई फर्केर हेर्दा अलि अलि छनक पनि देखा परेन भन्ने आम गुनासो छ । कमसेकम महँगी र बेरोजगारी अनि पुराना भ्रष्टाचारीको उन्मूलन एउटा आशाको दियो बल्न सक्थ्यो । तर त्यो पनि संकेतमा सिमित छ । चाडपर्वमा महँगी ८न चरम अवस्थामा पुग्यो । वेथिति, अराजकता यथावत छन् । सबैतिर असन्तोष बढ्दो छ । प्रहरी, सैनिक, कर्मचारीहरुमा राजीनामा दिएर पलायत हुने क्रम बढेको छ। सरकारसँग अविश्वास भएर नै होला, विदेश पलायन हुने युवाहरुको लर्को घटेको छैन । सरकार र जनतावीचको अविश्वासको खाडल बढ्दो छ । सबै विपक्षीहरुलाई समेटेर विकास र समृद्धिको मार्गमा डोऱ्याउन सरकार असफल देखिएको छ । पुराना भ्रष्टहरुबाहेक विभिन्न दलमा रहेका स्वच्छ छविका नेता र कार्यकर्ताहरुलाई समेटेर अगाडि बढ्नपर्ने सरकार त्यस्तो गर्न सकृय देखिएको छैन । भन्नु नै पर्दा कुनै एउटा त्यस्तो क्षेत्र छैन, जो आन्दोलित नभएको होस् । हिजोका दलहरुले जे जे दुष्कर्महरु गरेका थिए, त्यही त्यही कर्म वर्तमान सरकारले अंगालेको आरोप दिनानुदिन लाग्ने क्रम बढ्दो छ । बालेन सरकार हाई हाईको नारा अब बालेन सरकारको आलोचनामा रुपान्तरण हुने क्रम सुरु भएको छ । वर्तमान सरकारसँग जनताले धेरै आशा गरेका थिए । त्यसै हुनाले गतसालको भदौ २३ र २४ को नरसंहार र विध्वंशलाई पनि सहनशील नेपालीले सहेर परिवर्तन र नयाँ पुस्ताको भरोसामा जनादेश दिएका हुन् । परिवर्तन कहाँबाट सुरु भयो ? बालेन सरकारले प्रष्ट देखाउन सकेको छैन । केही भएन भन्ने भाष्य बनेको छ ।

बालेन सरकार र उनको टिमलाई स्वागत गर्ने नेपाली मतदाताहरु अब यिनीहरुबाट पनि हुँदैन कि के हो ? भनेर संशय प्रकट गर्न थालेका छन् । वैदेशिक सम्बन्ध अन्यौलग्रस्त छ । नेपालले पनि भारतको भूमि मिचेको छ भन्ने अभिव्यक्ति आएपछि प्रम बालेनको मंसिर पहिलो हप्ता हुने भारत भ्रमणमा भारतले लिपुलेक, लिम्पियाधुरा, कालापानीलगायतका सबै सीमा समस्या समाधानमा के कस्तो समझदारी विकास गर्ने हो ? भन्ने उत्सुकता बढेको छ । आफूमाथि लागेका प्रतिपक्षीको सबै आक्षेपहरु धुने राम्रो अवसर प्रम बालेनले पाएका छन्। अर्थपूर्ण नहुने हो भने विदेश भ्रमण गर्दिन भन्ने प्रम बालेनको भारत भ्रमणलाई अर्थ खोज्ने रुपमा सबैतिर उत्सुकताको दृष्टिकोणले हेरिएको छ, विश्लेषण भइरहेको छ । कतै वर्तमान सरकार पनि पुरानै दलहरुको सरकारले झैं दिल्ली पुगेर बासमती चामलको बासीभात खाएर मात्र फर्कन्छ कि नेपालका लागि अर्थपूर्ण उपलब्धि पनि हुने हो ? रास्वपाका सभापतिदेखि अर्थमन्त्रीसम्म चारजनाले दिल्ली भ्रमणगरिसकेका छन् । खासगरी अर्थमन्त्री स्वर्णिम वाग्लेले भारतसँग सम्बन्धित दिएको भनाइले यिनीहरुलाई देउवा, प्रचण्ड र ओलीभन्दा पनि निकृष्ट रहेछन् भन्ने तीव्र प्रतिकृया उत्पन्न भयो । सबै विकसित घटनाक्रमलाई विचारगर्दा हुने भनिएका आन्दोलनहरु चरम उत्कर्षमा पुगेर रोकिने कुरा बताउनेहरु पनि धेरै छन् । वर्तमान सरकारको असफलता, असक्षमतामा करेक्शन हुनसकेन भने भदौ २३ को घाउ वल्झिन पनि सक्ने देखिदैछ । राष्ट्रमाथि लूट मच्चाउनेहरुमाथि कारवाही हुनुपर्ने माग पूरा हुनसकेन भने क्षम्य भइसकेको भदौ २३ र २४ को अपराधको पनि छानविनको माग उग्र हुनसक्नेछ । अहिले भ्रष्टाचारका खबर सेलाएका छन् तर पुराना पजेरो, महाकाली, लाउडा, धर्मिजा, बालुवाटारको जग्गा, भूटानी शरणार्थी, गिरिबन्धु, बाइडवडी, पशुपति जलहरिदेखि बुढीगण्डकी, आम्दी, एनसेलसम्मका भ्रष्टाचारमा कुनै छानविन र कार वाहीको दण्डविधान चलेको छैन । देशमा अभिभावक छैनन्, हिजोकाहरु छाडा साँढे पल्टिएका थिए, आजकाहरु परिवर्तनका लागि केही गरिरहेका छैनन् । वरु कलाकार मुरलीधरले माग गरेझैं शक्तिशाली राजतन्त्रको लागि आह्वान गर्नु उचित हुनेछ । प्रम बालेन साहले हिम्मत गर्दा संवैधानिक राजतन्त्र चाहिं पुनर्स्थापना हुनसक्छ ।

विद्यमान नैतिक सङ्कट र वर्तमान सरकार



नारायण प्रसाद मिश्र

इनाम सापकोटासँग सम्बन्धित बिचौलिया तथा भ्रष्टाचार प्रकरण र देशको सर्वोच्च अदालतसमेत यसको पकड तथा प्रभावमा र हेको भन्ने हल्लाले देशलाई तर ङ्कित बनाएको छ । जवाफदेहिताभन्दा दण्डहीनता हावी देखिन्छ ।



मानव इतिहासको एउटा कालखण्ड यस्तो थियो, जब राष्ट्रहरू युद्ध, विजय र अरूका भूभागको दोहनमार्फत शक्तिशाली बन्थे । रोमन साम्राज्य, ब्रिटिस साम्राज्य तथा विश्वका विभिन्न भागमा फैलिएको मुस्लिम शासन त्यस युगका उदाहरण हुन् । त्यस समयमा शक्ति भनेको अरूलाई पराजित गर्ने, भूमि कब्जा गर्ने र आर्थिक स्रोतहरू हरण गर्ने क्षमतासँग जोडिन्थ्यो ।

तर समयसँगै संसार बदलिँदै गयो । युद्धले निम्त्याएको विनाश र पीडाबाट पाठ सिक्दै मानव सभ्यताले नयाँ चेतनाको विकास गऱ्यो । बल र अधीनताको सट्टा शान्ति, सहकार्य र सहअस्तित्वलाई प्राथमिकता दिन थालियो । यही सन्दर्भमा विकसित तथा सम्पन्न देशहरूले कमजोर र विकासोन्मुख राष्ट्रहरूलाई आर्थिक, शैक्षिक तथा प्राविधिक सहयोग प्रदान गर्ने अवधारणा अघि बढाए, जसको उद्देश्य विश्वशान्ति र जनकल्याण प्रवर्द्धन गर्नु थियो । यस प्रक्रियाअन्तर्गत भारत, चीन, संयुक्त राज्य अमेरिका, रूस, बेलायत, जर्मनी, फ्रान्स, स्विट्जरल्यान्ड, डेनमार्क, फिनल्यान्ड, नर्वे लगायतका धेरै देशहरूको सहयोगमा विभिन्न विकास कार्यक्रम सञ्चालन भए । ती सहयोगबाट विभिन्न गरिब मुलुकहरूमा सडक, राजमार्ग, पुल, विद्यालय, अस्पताल तथा अन्य पूर्वाधार निर्माण गरिए । नेपाल पनि यस अन्तर्राष्ट्रिय सहकार्यको लाभार्थी बन्यो । उपत्यका, पहाड र तराईलाई जोड्ने लामो राजमार्गहरू तथा दुर्गम क्षेत्रमा सञ्चालित विकास परियोजनाहरू विश्व समुदायको सद्भाव र विश्वासका प्रमाण हुन् ।

नेपालको वर्तमान भ्रष्ट राजनीतिक अवस्थाले मित्रराष्ट्रहरूलाई मात्र होइन, धर्म, संस्कृति र सामाजिक सेवाका लागि सयौं र पनी जग्गाजमिन दान गर्ने गुठी संस्कार र परम्परा भएको यस देशमा दानमार्फत सामाजिक सेवा सञ्चालन गर्न चाहने असल र सहयोगी नियत भएका मानिसहरूलाई समेत धर्मकर्म, स्वास्थ्य, शिक्षा तथा अन्य अत्यावश्यक सामाजिक सेवामा आफ्नो मेहनतको कमाइ दान गर्न हतोत्साहित गरिरहेको छ । देशमा आज त्यो उदार संस्कार गम्भीर सङ्टमा परेको छ । मुलुकमा चारैतिर व्याप्त भ्रष्टाचार देख्दा आफूले दान गरिसकेका वा दान गर्न चाहने मानिसहरू दान गरिएको धन, सम्पत्ति वा योगदानको रूपयोग त हुँदैन? राजनीतिक स्वार्थमा त फस्दैन ? भन्ने चिन्तामा परेका छन् । यस्तो सोचले उदार मन भएका मानिसहरूलाई समेत मौन बनाइरहेको छ । त्यसैले आज त्यो उदार संस्कार सङ्टमा परेको छ । यो कम दुःखदायी र पीडादायी अवस्था होइन ।

विश्व समुदाय युद्ध र उपनिवेशवादबाट सहकार्य र साझेदारीतर्फ अघि बढिरहेको बेला नेपालको राजनीतिक संस्कृति भने परम्परागत उदारताबाट संस्थागत भ्रष्टाचारतर्फ सर्दै गएको देखिन्छ । विकासका लागि आएको सहयोग व्यक्तिगत सम्पत्तिमा रूपान्तरण गरिन्छ । सार्वजनिक पद सेवा होइन, लाभको साधन बनेको देखिन्छ ।

यहीबीच देशमा एकपछि अर्को उच्चस्तरीय र करोडौं रूपैयाँका भ्रष्टाचार काण्ड सार्वजनिक भइरहेका छन् । विकास आयोजना, सहकारी संस्था, खरिद प्रक्रिया आदिमा भएका ठगी तथा घोटालाका समाचारले सञ्चारमाध्यम भरिएका छन् । इनाम सापकोटासँग सम्बन्धित बिचौलिया तथा भ्रष्टाचार प्रकरण र देशको सर्वोच्च अदालतसमेत यसको पकड तथा प्रभावमा रहेको भन्ने हल्लाले देशलाई तरङ्गित बनाएको छ । जवाफदेहिताभन्दा दण्डहीनता हावी देखिन्छ ।

यसले मुलुकका इमानदार नागरिक हरूलाई लज्जित र दुःखी बनाएको छ । विदेश भ्रमणमा जादाँ समेत नेपाली पासपोर्ट देख्ने वितिकै भ्रष्टाचारमा जकडिएको मुलुकका मान्छे भन्ने स्थिति बनाएको छ ।अन्तर्राष्ट्रिय सहयोग कुनै उद्देश्यविहीन दया होइन; जनताको जीवनस्तर सुधार्ने काममा इमानदारीपूर्वक प्रयोग हुनेछ भन्ने विश्वासका साथ यस्तो सहयोग प्रदान गरिन्छ । जब त्यो विश्वास तोडिन्छ, त्यसको क्षति केवल आर्थिक मात्रको हुँदैन; राष्ट्रको नैतिक छवि नै ध्वस्त हुन्छ । यसले मुलुकलाई कमजोर बनाउँछ, इमानदार व्यक्तिहरूलाई निरूत्साहित गर्छ र देशप्रेमी युवाहरूको विश्वास चकनाचुर बनाउँछ । देशलेनै विश्व समक्ष आफ्नो प्रतिष्ठा गुमाउँछ ।

यो केवल प्रशासनिक वा आर्थिक असफलता होइन; यो गहिरो नैतिक पतन हो । यस्तो भ्रष्टाचारले राष्ट्रिय गरिमा कमजोर बनाउँछ, सामाजिक विश्वास नष्ट गर्छ र समाजलाई भित्रैदेखि विषाक्त बनाउँछ । सबैभन्दा दुःखद कुरा, यसले नेपाली समाजलाई जोड्ने स्वैच्छिक दान र परोपकारको परम्परामै चोट पुऱ्याउँछ ।नेपालसँग विश्वका मित्रहरूको कमी छैन । यहाँ सांस्कृतिक गहिराइ, मानव प्रतिभा र नैतिक विरासत छ । तर अभाव छ– इमानदार नेतृत्वको, जवाफदेही शासनको र मूल्यमा आधारित राजनीतिक संस्कृतिको । कुनै बेला नागरिकलाई जग्गा, धन र श्रमदान गर्न प्रेरित गर्ने मूल्यहरू आज स्वार्थले ओझेलमा परेका छन् ।

हाम्रो देश आर्थिक दृष्टिकोणले मात्र होइन, नैतिक दृष्टिकोणले पनि दयनीय अवस्थामा छ । आज देशमा सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक, शैक्षिक लगायत अनेकौं समस्याहरू छन् । यस्तो अवस्थामा देशमा विद्यमान कुशासन र भ्रष्टाचार नियन्त्रण गरी मुलुकलाई सही बाटोमा डोऱ्याउँदै विकासको पथमा अघि बढाउने महान् जिम्मेवारी राष्ट्रिय स्वतन्त्र पार्टीको काँधमा परेको छ । वर्तमान सरकार आफ्नो जिम्मेवारी वहन गर्न इमानदारीपूर्वक लागेको पनि देखिन्छ । जागिरे काममा लागेर पनि देश र जनताकोहित भन्दा नेता र पार्टीकोहितमा काम गरी फायदा उठाउन पल्केका कतिपय छद्मभेषी निजामती, प्रहरी, सेना वा अन्य निकायका राष्ट्र सेवकहरूबाट पनि सेवा लिइ सम्पूर्ण काम छोटो समयावधिमै सम्पन्न गर्न कति गाह्रो होला भन्ने कुरा सबैले बुझ्नु पनि पर्छ ।

तर यो सरकारको देशमा विद्यमान कुशासनको सट्टा सुशासन, अलोकतान्त्रिक शासनको सट्टा लोकतान्त्रिक शासन, दलतन्त्रको सट्टा प्रजातन्त्र र पार्टीहितको सट्टा जनहित स्थापित गर्ने तथा यस्ता अभ्यासहरू पुनः दोहोरिन नसक्ने दिगो व्यवस्था कायम गर्न आवश्यक सवैधानिक र नीतिगत सुधारतर्फ पटक्कै ध्यान जान नसकेको, जनताका पीर मर्का समाधान गर्न पनि अपेक्षाकृत कदम चाल्न नसकेको, कतिपय गरेको राम्रो काम पनि अनुभव र बुद्धिको कमीको कारण कार्यान्वयनमा प्रभावकारीरूपमा आउन नसकेको, कतिपय कामकुरा नियम कानून बमोजिम गर्ने विधिमा ध्यान जान नसकेकोले आफै आलोचनाको पात्र बन्न परेको र सरकार तथा आफ्नै पार्टीबीच समेत समझदारी र समन्वय हुन नसकेको चर्चामे यो सरकारप्रति जनविश्वास क्रमशः घट्दै गएको हो कि भन्ने देखिन्छ । यो राम्रो संकेत होइन ।

यस स्थितिमा देशको प्रजातान्त्रिक संविधान र व्यवस्थालाई 'बाँदरको हातमा नरिवल' भनेझैं अप्रजातान्त्रिक रूपमा दलतन्त्रमा रूपान्तरण गरेका कारण जनतावाट ३० वर्षपछि बल्ल फालिएका सबै दलहरू मिलेर प्रजातन्त्रको नयाँ पोसाक पहिरिएर यो सरकारविरूद्ध आन्दोलनमा उत्रने हुँकार गरिरहेका छन् । यस्तो अवस्था पक्कै पनि मुलुक र जनताको हितमा देखिदैन ।अब यो सरकारले आत्मालोचना गर्दै आफ्ना कमी-कमजोरी र त्रुटिहरू कहाँकहाँ भए भन्ने पहिचान गर्नसक्नु पर्छ ।ती कमजोरी सच्याउँदै आफूलाई सुधार गर्ने समय आएको महसुस गर्नसक्नु पर्छ । अन्यथा ठूलै दुर्घटनामा परी मुलुक ठूलै भड्खालोमा पर्ने डर उत्पन्न भएको देखिन्छ ।

narayanshanti70@gmail.com

लेखक परिचय: अङ्ग्रेजी भाषाको पुस्तक NepalM Between Beauty and Struggle (नेपाल: सौन्दर्य र संघर्षको विचमा) लगायत नेपाली र अङ्ग्रेजी भाषाका केही पुस्तक तथा धेरै लेखहरूका एक गैर-दलीय लेखक, त्रिभुवन विश्वविद्यालयका निवृत पदाधिकारी तथा मध्य-असी दशक पार गरेका एक ज्येष्ठ नागरिक ।



